# अध्याय एक (CHAPTER ONE)

## १ . परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि(Backgroundof the Study)

नेपाल एक प्राकृतिक रूपले मनोरम सुन्दर देश हो किनकी यहाँ तराईको हरियाली फाँट पहाडको उच्च पहाडहरू र हिमालको सेता दन्तलहरहरू जस्तै मिलेर बसेको हिमालहरू त्यसैले नेपाल एक सुन्दर देश हो । नेपाल प्राकृतिक सम्पदाहरूले भरिपूर्ण देश हो । नेपालमा प्रशास्त मात्रामा स्रोात तथा साधन भए पनि उचित उपयोगको कमिको कारणले गर्दा नेपाल अल्पविकसित देशको रूपमा परिचित छ । नेपालमा प्रशस्त प्राकृतिक स्रोत साधन रहेता पनि दक्ष मानविय साधन, आधुनिक कृषि प्रणाली, कारखानाको विकाशको अभावमा चरम गरिबी को पिडामा यहाँका जनता बस्न विवश देखिन्छन् । स्वदेशमा रोजगारको अवसर प्राप्त नहुँदा नेपालमा वैदेशिक रोजगारमा जानेको चाप दिन प्रतिदिन बढी रहेको छ । यस्तो हाम्रो जस्तो गरिबीले आक्रान्त बनेका देशका लागि वैदेशिक रोजगार महत्वपूर्ण स्रोतको रूपमा रहेको छ (घिमिरे, २०६३) ।

नेपालको एकिकरण पछि नेपालीहरू विभिन्न देशमा पुगेका थिए । जसको मुख्य उद्देश्य रोजगारी प्राप्त गर्नु थियो । सन् १८१५ भन्दा अगाडि नेपालीहरू भारतका विभिन्न क्षेत्रमा पुगेका थिए साथै अन्य देशहरूमा भुटान , वर्मा मलेसिया आदि मुलुकहरूमा वैदेशिक रोजगारी तथा आवात जावत गरेको पाईन्छ । त्यहाँ पुगेका नेपालीहरूले विभिन्न उद्योग तथा व्यावसायका काम गरी केही पैसा समेत आर्जन गरेर ल्याउथे यसरी विविध पेशाको निम्तीनेपालीहरू विदेश जान थालेपछि वैदेशिक रोजगार सेवाको विकाश भएको पाइन्छ (दाहाल २०५५) ।

वैदेशिक रोजगारीमा जाने प्रकृया फरक फरक भएता पनि मुख्य उद्देश्य आय आर्जन गर्नुनै हो । मानिसहरू अवसरको खोज्दै विदेश जान थाले । जहा अन्तिम विकल्पको रूपमा आज पनि यस व्यवसायलाई लिएको पाइन्छ । सरकारी तथागैर सरकारी संस्था हरू मार्फत विदेशिएका नेपालीहरूको बेलाबखतमा पिरमर्का अन्याय र शोषण लाइ विभिन्न सञ्चार

माध्यम बाट प्रकाशित तथा प्रसारित गर्न थाल्यो यसै गरी सरकारले पनि यस व्यवसायलाई व्यवस्थित गर्नको लागी बेलावखतमा विभिन्न आयोग तथा समितिहरू गठन गरी निती नियमलाई परिमार्जन गर्दै लैजाने प्रयास गरेको पाइन्छ । हाल आएर सरकारले बैदेशिक रोजगारका सम्भावना अधिक रहेको मुलुक संग सोझै कुटनितिक नियोगहरू गठन गरी तिनिहरूको परिचालन गरेको छ (राष्ट्रिय योजना आयोग, २०६४)।

वैदेशिक रोजगार भन्नाले आफ्नो देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य भन्ने बुझिन्छ । यसै क्रममा नेपाल सरकार अर्न्तरगत श्रम मन्त्रालयको श्रम सम्वन्धी ऐनले केहि परिभाषा दिएको भएपनि अन्य संघ संस्थाहरूले यस सम्बन्धी परिभाषा दिएको पाइदैन । वैदेशिक रोजगाारको अर्थको सवालमा स्पस्ट हुनु पर्ने कुरा के छ भने कुन देशमा कति हदसम्म गरिएको कामलाई वैदेशिक रोजगारमा राख्ने हो । यो सवालमा कुनै पनि निकायले प्रस्ट पारेको छैन । नेपाली वृहत शब्दकोषअनुसार वैदेशिक भन्नाले अर्को देश र रोजगार भन्नाले जिवीको वा इलम उद्योगका लागी गरिएको काम भन्ने बुझिन्छ । बैदेशिक रोजगार भन्नाले निश्चित प्रतिफल को आशामा अथवा व्यवस्थासहित एक देशबाट अर्को देशमा गइ विभिन्न क्षत्रमा श्रमको उपयोग गर्ने विधीलाइ वैदेशिक रोजगार भनिन्छ ।विदेश जानु पर्ने कारण के हो ? वैदेशिक रोजगार भनेको के हो ? किन नेपाली युवा शक्ति विदेश पलायन भएका हुन? यस विषयमा गहिरो अध्ययन हुनुपर्ने देखिन्छ ।

अन्तराष्ट्रियश्रम संगठनले सन् १९८३ मा रोजगारीको परिभाषा दिए अनुसार काम गर्ने उमेर का आर्थिक क्रियाकलापमा संलग्न मानीस जो कुनै निश्ति समय सम्म काम गर्दछन भने त्यसलाई रोजगारी भनिन्छ । यसै गरी नगद अथवा सेवा वा वस्तुको रूपमा प्रतिफल लिई काम गर्नु लाई ज्याला भुक्तानी रोजगार र आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नु लाई स्वरोजगार भनिन्छ (रेग्मी २०५६)।

यसरी नेपाल युवाहरू वैदेशिक रोजगारी मा जाँदा र उसको परिवार साथै समग्र देशको आर्थीक अवस्थामा सुधारका संकेतहरू पनि देखा परेका छन् । विदेशी भुमिमा रगत र पसिनाको प्रवाह गरी पठाएको रकमले देशभित्रको आर्थिक क्रियाकलाप संचालनमा महत्वपुर्ण योगदान गरिरहेको छ । नेपालमानै चर्को मुल्य चुकाएर विदेश जाने गर्दछन् । तर त्योपैसाको उचित सदुपयोग हुने भए नेपालमानै निकै उद्योग धन्दा र सिपको विकाश हुने थियो । नेपालीहरू वैदेशिक रोजगारीको लागी विविध किसिमका जोखिमहरू सरकार

स्वयमले वहन गरिदिने हो भनेविदेशी पुँजी नेपाल भित्रनै प्रवाह भई देशको आर्थिक विकाश हुने आशा राख्न सकिन्छ ।वैदेशिक रोजगारी भन्नालेआफ्नो देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य बुझिन्छ (दाहाल, २०५५)।

नेपाल सरकार अर्न्तरगतश्रम मन्त्रालयको श्रम सम्वन्धी ऐनले वैदेशिक रोजगार भन्नाले कुनैपनि कामदारले विदेशमा प्राप्त गर्ने रोजगारी नै वैदेशिक रोजगारी हो भनि परिभाषा दिएको भएपनि अन्य संघसस्थाहरूले यस सम्वन्धी परिभाषा दिएका पाइदैन । वैदेशिक रोजगारीको परिभाषाको सवालमा स्पष्ट हुनुपर्ने कुरा के छ भने कुन देशमा कति हद सम्म गरिएको कामलाई वैदेशिक रोजगारमा राखिने हो ? त्यो सवालमा कुनै पनि निकायले प्रस्ट पारेको छैन । नेपाली वृहत शव्दकोष अनुसार वैदेशिक भन्नाले अर्को देश र रोजगार भन्नाले जिविका वा इलम उद्योगका लागि गरिएको काम भन्ने बुझिन्छ । तर सदियौदेखी विविध पेशा तथा व्यावसायमा आवद्ध भएर भारतका विभिन्न ठाउँमा काम गरेपनि वैदेशिक रोजगार भनिदैन । यसको मुख्य रहस्य सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशका जनतालाई स्वतन्त्रता पूर्वक आवतजावजत गर्न दिईने तथा सम्पति र सुरक्षाको अधिकार दिइएको हुँदा कुनै प्रवेषाज्ञाको आवश्यकता पर्दैन तर यो प्रकृया अन्य मुलुकका लागी अनिवार्य तत्व हो ।वैदेशिक रोजगार भन्नाले निश्चित प्रतिफलको आशामा अथवा व्यवस्था सहित एक देशबाट अर्को देशमा गई विभिन्न क्षेत्रमा श्रमको उपयोग गर्ने विधिलाइ वैदेशिक रोजगारी भनिन्छ ।

विदेश जानुपर्ने कारण के हो ? विदेशको रोजगारी भनेको के हो ? नेपाली युवाशक्ती विदेश जानु पर्ने वाध्यता हो वा रुचीहो? कस्तो शैक्षिक अवस्था लिएर विदेश गएका छन् । उनीहरूको जीवन भोगाइ परिश्रम कस्तो छ अनि कस्तो हुनुपर्दछ ? जस्ता विषयमा व्यापक अध्ययन हुनु आवश्यक देखिन्छ ।

## १.२ समस्याको कथन (Statement of Problem)

नेपालमा रोजगारीका अवसरको पर्याप्त उपलव्धता नहुदा उच्च शिक्षा हासिल गरेका तथा प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गरेका युवा विदेश पलायन हुने तथा सामान्य किसिमका शिक्षा हासिल गरेका तथा अशिक्षित युवाहरू पनि विभिन्न देशमा श्रमिकको रूपमा वैदेशिक रोजगारका निम्ती विदेशजाने क्रम वृद्धि भइरहेको छ । गरिब तथा

पिछडिएका समुहका युवाहरू प्राय खाडी मुलुकमा जाने क्रम बढी रहेको छ । नेपालमा अहिले प्रत्यक गाउँको नजर अन्दाज गर्ने हो भने केही संख्यामा मात्र आफ्नो गाउँ घरमा रोजगारीमा छन भने धेरै संख्या वैदेशिक रोजगारीमा गएको अवस्था छ । यसरी वैदेशिक रोजगारीमा जाने ति युवा युवतिको घरपरिवारको आर्थिक तथा छोरा छोरीको शैक्षिक अवस्थामा कस्तो प्रभाव पारेकोछ ? यस विषयमा गहन अध्ययनको खाचो छ ।

एउटा विकराल रूपमा रहेको वेरोजगारी नेपालको जटिल समस्याको रूपमा विद्यमान छ । देशको आर्थीक शैक्षिक ग्रामिण अवस्थाको सुधारको लागी र अर्थतन्त्र उकास्नको लागी वैदेशिक रोजगारीले महत्पुर्ण भुमिका खेलेके छ । यसका शिपले आफ्नो क्षेत्रमा उक्त सिप प्रयोग गरेर आर्थीक उन्नती गर्न सकिन्छ । तसर्थ यसै पृष्ठ भुमिमा आधारीत रहेर प्रस्तुत शिर्षक छनौट गरिएको छ ।

## १.३ अध्ययनको उद्धेश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य पाँचथर जिल्लाको मिक्लाजुङ गा.पा. मा वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न प्रकार हुने छन् :

१) वैदेशिक रोजगारीमा जानुपूर्व र गएपछिको उनीहरूको आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गर्नु ।
२) विप्रेषणबाट प्राप्त आम्दानीको लगानीका क्षेत्रहरू पत्ता लगाउनु ।
३) वैदेशिक रोजगारीका समस्या पहिचान गरी र समाधानका उपायहरू पेश गर्न ।

## १.४ अनुसन्धान प्रश्न (Research Questions)

यो अध्ययनमा पाँचथर जिल्लाको मिक्लाजुङ गा.पा.का यूवाहरूजो वैदेशिक रोजगारीका लागि गएका छन् तिनिहरूको आर्थिक तथा शैक्षिक अवस्था कस्तो रहेको छ भन्ने कुरालाई आधार मानी निम्न लिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) पाँचथर जिल्ला मिक्लाजुङ गा.पा. भित्रका वैदेशिक रोजगारीमा जानेहरूको आर्थिक तथा शैक्षिक स्थिति कस्तो रहेको छ ?

२)	वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको घरपरिवारमा कुनै परिवर्तन आएको छ ?

३)	सबै भन्दाबढीकुनशैक्षिकअवस्थाभएकायूवाहरूवैदेशिकरोजगारीमाजानेगरेकोपाइन्छ ?

४)	वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी कस्ता कस्ता क्षेत्रमा लगानी भएको छ ?

५)	वैदेशिक रोजगारीमा जाने परिवारको आर्थिक तथा शैक्षिक क्षेत्रमा वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले कस्तो प्रभाव पारेको छ ?

६)	वैदेशिक रोजगारीका समस्याहरू के के रहेका छन् ?

७)	वैदेशिक रोजगारीमा जानु पूर्वको आर्थिक अवस्था कस्तो थियो ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

वैदेशिक रोजगारीले गर्दा यसमा अवद्ध युवाहरूको शैक्षिक र आर्थिक अवस्था, उनीहरूको बालबालिकाहरूको शैक्षिक अवस्थाको अध्ययन गर्न यो शीर्षक छनोट गरिएको छ । पाँचथरको मिक्लाजुङ गा.पा. का युवाहरू विदेश गएपछि उनीहरूको आर्थिक अवस्था, शैक्षिक अवस्था, उनीहरूको बालबालिकाको शैक्षिक अवस्थामा कस्तो परिवर्तन आएको छ ? शिक्षा र सिपमूलुक तालिम लिएर वैदेशिक रोजगारमा गएका र अशिक्षित र सिपविहिन नै वैदेशिक रोजगारमा गएका युवाहरूको आयको प्रकृति र कामको प्रवृत्तिको बारेमा तुलनात्मक विश्लेषण गरी निष्कर्ष निकाल्दा आगामी समयमा विदेशीने युवालाई ज्ञान प्रदान गर्न यस अध्ययनको महत्त्व हुनेछ । अहिलेको परिप्रेक्षयमा विदेश नगएका परिवारका सदस्यहरू विरलै होलान यस्तो स्थितिमा विभिन्न संघ संस्थालाई अनुसन्धान गर्न, नीति निर्माण तहमा वैदेशिक रोजगारमा जाने युवाहरूको अवस्था ज्ञात गराउन पनि यसले महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

यो अध्ययन पाँचथर जिल्लाको मिक्लाजुङ गा.पा. वाट वैदेशिक रोजगारीका लागी विदेश जाने श्रमशक्तिले आफ्नो जीवनशैली तथा आर्थिक अवस्थालाई कुन रूपमा परिवर्तन गरेका छन् तथा समाजमा आफुलाई कसरी स्थापित गराएका छन् भन्ने कुरा पत्ता लगाउन उपयोगी हुनेछ । यसका साथै वैदेशिक रोजगारीवाट व्यक्तिहरूको सामाजिक आर्थिक क्षेत्रमा

कस्तो परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउनको लागी महत्वपूर्ण रहने छ । साथै यस अध्ययनले यस क्षेत्रसँग सम्वन्धित विभिन्न अप्रमाणित तथ्यहरू तथा वर्तमान अवस्थाको ज्ञान हुनुका साथै विगतका अवस्थाहरू समेत थाहा पाउन मद्दत गर्नेछ । वैदेशिक रोगारीको बारेमा चासो तथा खोज गर्ने व्यक्तिका साथै पछि आउने अनुसन्धानकर्तालगायत सम्वन्धित तहमा नीति निर्माणमा जुटेका व्यक्ति तथा संस्थालाई पनि सहयोग पुर्याउने अपेक्षा राखिने छ । त्यसैगरी आज आएर वैदेशिक रोजगारी एउटा विषय बन्दै गएको अवस्थामा वैदेशिक रोजगारीको असर तथा त्यसको समस्या समाधानमा सम्वन्धित पक्षको ध्यानाकर्षण गराउनको लागी यस अध्ययनको ठुलो महत्व हुने आशा गरिएको छ ।

## १.६ अध्ययनको परिसिमा (Delimitation of the study)

अध्ययनकर्ताको समय, लागत र आवश्यक पर्ने जनशक्तिको सीमितताको कारण यस अध्ययनलाई निम्न सिमाभित्र रहि सम्पन्न गरिएको छ ।

१) यो अध्ययन नेपालको पाँचथर जिल्लाको मिक्लाजुङ गा.पा. वडा नं. ८ भित्रमा सीमित गरिएको छ ।

२) यस अध्ययनमा वैदेशिक रोजगारीका लागि साउदी अरेबीया, कतार, मलेसिया, संयुक्त अरब इमिरेट्स लगायतका खाडि राष्ट्रमा रोजगारीमा गएका व्यक्तिलाई मात्र समेटिने छ ।

३) कानुनी प्रक्रिया पूरा गरेर विदेश गएका मानिस र उनीहरूको परिवारहरूलाई मात्र समावेश गरिएको छ ।

४) अध्ययनका आधिकारिक तथ्यांकहरू नेपाल सरकार , श्रम मन्त्रालय तथा श्रमसंग सम्वन्धित संस्थाहरूद्वारा प्राप्त सूचनाहरूका साथै सहभागीहरूको संलग्नताबाट प्राप्त सूचनाहरू हुन् ।

५) यस अध्ययनमा बैदेशिक रोजगारीका सिलसिलामा वि स २०६८ देखी २०७४ साल सम्म विदेश गएका श्रमिकहरूलाई मात्र समावेश गरिएको छ ।

६) यस अध्ययनको निष्कर्षलाई देशको सम्पूर्ण सन्दर्भमा सामान्यिकरण हुन पनि सक्छ ।

## १.७ मुख्य शब्दावलीको कार्यकारी परिभाषा (Operational Definition of Key Terms)

| | | |
|---|---|---|
| **वैदेशिक रोजगारी** | : | कानुनी रूपमा निश्चित समयका लागि आफ्नो देश छाडी रोजगारीमा अन्य देशमा गएको अवस्था । |
| **विप्रेषण** | : | वैदेशिक रोजगारीबाट स्वदेशमा भित्रिएको रकम । |
| **रोजगारी** | : | उत्पादनका साधनहरू गतिशील अवस्थामा रहनु । |
| **वार्षिक आम्दानी** | : | एक वर्ष भित्रमा प्राप्त कुल आम्दानी । |
| **वार्षिक खर्च** | : | एक वर्ष भित्रमा गरिएको खर्च । |
| **गरिबी** | : | आधरभूत आवश्यकता समेत पूरा गर्न नसक्ने अवस्था । |

## १.८ अध्ययनको संगठन(Organization of the Study)

यस अध्ययनलाई विभिन्न अध्यायहरूमा प्रस्तुत गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभुमि, बैदेशिक रोजगारीको विकासक्रम, वैदेशिक रोजगारीको परिभाषा, अध्ययनको उद्देश्य, महत्व र अध्ययनका सीमाहरूराखिने छ भने अध्याय दुइमा अध्ययन सँग सम्वन्धित साहित्यको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । त्यसै गरी अध्याय तीनमा शोध गर्दा अपनाइएका विधि, नमुना छनौट, तथ्याङ्क संकलनका श्रोत आदि राखिने छ । त्यसैगरी अध्याय चारमा अध्ययन क्षेत्रको परिचय , अध्ययनका क्रममा पाईएका तथ्याङ्कको प्रस्तुति र विश्लेषणको प्रक्रियालाई राखिनुका साथै अध्ययनको क्रममा आईपरेका समस्याहरू राखिने छन् । जहाँ वैदेशिक रोजगारीसँग सम्वन्धित विविध विष्यवस्तुहरू पनि समावेश गरिएको छ । त्यसका साथै वैदेशिक रोजगारीको प्रभावका वारेमा पनि समावेश गरिएको छ । त्यसैगरी यस अध्ययनको अध्याय पाँचमा अध्ययनको सारांस, निष्कर्षहरू उल्लेख गरी केही आवश्यक सुझावहरू पनि प्रस्तुत गरिएको छ । अन्तमा अनुसुचि र सन्दर्भग्रन्थ सूचीहरू यस अध्ययनको अन्त्य गरिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव, विदेश जानु पर्ने कारण, विदेशमा पर्ने समस्या आदिका बारेमा विगत देखि वर्तमान सम्म विभिन्न प्रकारका खोज अनुसन्धान हुँदै आएका छन् । यस अध्ययनमा विभिन्न विद्वानका भनाई, लेख रचना, व्यक्तिगत प्रयास आदिबाट अध्ययन अनुसन्धान विश्लेषणलाई पुनरावलोकन तथा समिक्षा गरिएको काम गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

कसांकार (सन्, १९८२)ले आफ्नो एक अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषणको सुरुवात सेनाहरूवाट भएता पनि पछि गएर गैर सैनिक श्रमिकहरूवाट पर्याप्त हुन गरेको उल्लेख गरिएको छन् । उनको उक्त अनुसन्धानले नेपालको वढ्दो जनसंख्या रोजगारीका अवसरहरू वीच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशे ढुङ्गा नै सावित भएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको आर्थिक सामाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकारात्मक अथवा वैदेशिक रोजगारीको खराब पक्षमा श्रमिकको तिब्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ पनि सचेत गरिएको छ ।

चौधरी (१९९३) ले ५ वटा अनुसन्धानलाई विश्लेशण गर्दै भनेका छन्, विप्रेषण आयको आकार विदेशमा गरेका काम, श्रमिकहरूको सामाजिक स्थितीले प्रभाव पार्दछ । उनले आफ्नो अनुशन्धानको निष्कर्षमा भनेका छन् विप्रेषण आएको प्रभावलाई मख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ गरिबलाई मुख्य तत्व मान्दै विप्रेषण आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखामुनी भएमा अनिवार्य आवश्यक वस्तुहरूको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखा भन्दा माथि गएमा उच्च कोटीका वस्तु उपभोगमा ज्यादा खर्च गर्ने तथ्य पत्ता लगाएका छन् । दास्रो तत्व बचत तथा तेस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो भने चौथो तत्व विभिन्न पेशाप्रतिको दृष्टिकोण हो भनी व्याख्या गरेका थिए ।

घिमिरे (२०६१) ले अनुसार विदेशमा नेपालीहरूको रोजगारी सेवा हुने भर्तीबाट शुरु भए पनि अहिले यो अन्यन्त व्यापक र बहुआयामिक बन्दै गइरहेकोभनेका छन् । यसलाइ थप मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धि ऐन २०६४ तयार भई कार्यान्वयनमा आएको छभने २०३८ मा श्रम विभाग र २०६५ मा स्थापना भएको वैदेशिक रोजगारले पनि उत्तिकै मह॒वपूर्ण योगदान पु¥याएको देखिन्छ ।

नेपाल राष्ट्र बैंक (२०६२) ले गरेको अनुसन्धानमा भारत बाहेक तेस्रो मुलुक तर्फ गएका नेपाली कामदारहरू मध्ये झन्डै ८६ प्रतिशत खाडी मुलुकहरूमा मात्र गएको र बाँकी विश्वका अन्य मुलुकहरूमा गएको देखाईएको छ । उक्त अध्ययनमा नेपालको वैदेशिक रोजगारको क्षेत्र मूलत : खाडी मुलुकमा मात्र केन्द्रित भएको हुनाले तुलनात्मक रूपले नेपाली कामदारहरूको न्यन वेतन प्राप्त गर्ने गरेकोले यसवाट नेपालले अपेक्षित लाभ लिन नसकेको कुरा उल्लेख गरिएको छ । साथै नेपाली कामदारहरूले काम मा जाँदा झेल्नु परेका विभिन्न समस्याहरू, विदेशमा काम गर्दा सहनु परेको पिर मर्काहरूका बारेमा पनि उक्त अध्ययन व्याख्या गरिएको छ ।

अधिकारी (२०६५) ले गरेको अनुसन्धान अनुसार विदेशबाट प्राप्त विप्रेषण आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नो लेखमा विप्रेषण नहुने हो की भने गरिवीको रेखामुनीको गरिबी ३१% बाट बढेर ३६.३७% हुने थियो भनि उल्लेख गरेका छन् । उनले विप्रेषण आय घरायसी खर्च मात्र नभएर पुजीँ निर्माणमा पनि ठुलो भूमिका हुने निष्कर्ष निकालेका छन् । विश्व वैंक, २०१२ का अनुसार विकासोन्मुख मुलुकमा २०१२ मा वैधानिक तथ्याङ्को विप्रेषण आप्रवाह ४ खर्व १ अर्व अमेरीकी डलर पुगेको छ । जुन अघिल्लो वर्षको भन्दा ५ प्रतिशत वढि हो । सन् २०१३ देखि २०१५ सम्म यो मुलुकमा विप्रेषणको आप्रवास ८ प्रतिशतले बढ्ने अनुमान बैंकको छ । वृद्धि पछि यो २०१५ मा ५ खर्व १५ अर्व अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । अमेरिका आप्रवासी कामदारका लागी रोजगारीको अवसर वृद्धि भइरहेकाले पनि विप्रेषणको गति बढ्ने अनुमान विश्व बैंकको छ । जुन १ खर्व ९ अर्व डलर वरावर छ । पछिल्लो दुई वर्षमा यो १३.८ प्रतिशतको वृद्धिदर हो । भारतमा मुख्यरूपमा अदक्ष कामदारले वहराइन, कुवेत, ओमन, कतार,साउदी अरबीया र युएई जस्ता जी सी सी सदस्य मुलुकहरूबाट आएको प्रतिवेदनले उल्लेख गरिएको छ दक्षिण एसियाली मुलुकमा विप्रेषण भित्रीने कम आगामी वर्षमा पनि सुखत रहने

तर २०११/१२ जस्तो वृद्धिदर भने नदेखिएको अध्ययनमा लेखिएको छ । नेपाल राष्ट्र वैंकको तथ्याङकले पनि मुलुक भित्र विप्रेषणको वृद्धिदरमा कमी आएको देखाउछ ।

हाडा (२०६५) ले गरेको अनुसन्धान अनुसार, उन्नाइसौ सताब्दीको पहिलो दशकमा भारतको इष्ट इन्डिया कम्पनिले नेपालमा युवाहरूलाई सेनामा भर्ती लिन थालेपछि नेपाली युवाहरू विदेशमा रोजगारीका लागी जान थालेको पाइन्छ । त्यसै बेला देखि नै वैदेशिक रोजगारले परिवारको आर्थिक, सामाजिक स्थितीमा प्रभाव पारेको पाइन्छ ।

भट्टराई (२०६७) ले गरेको अनुसन्धान अनुसार वैदेशिक रोजगारी नेपालको सन्दर्भमा नौलो होइन । करिब २सय वर्ष अघि देखि नेपालीहरू आप्रावासको रूपमा जाने गरेको इतिहास छ । सन् १९७० को दशकपछि यसमा आमुल परिवर्तन आएको छ । अहिले सरकारले विश्वका १ सय ९ देश वैदेशिक रोजगारका लागी खुल्ला गरेको छ । संसारका सबै कुनामा धेरथोर नेपाली वैदेशिक रोजगारका लागी पुगेका छन् । वैदेशिक रोजगारीमा नेपालीलाई पठाउने व्यवसायमा निजी क्षेत्रको प्रवेश पछि नेपाली कामदारको उपस्थिति खाडी राष्ट्रहरूका साथै दक्षिण पूर्वी एसियाली राष्ट्र मलेसियामा बढिनै हुने गरेको छ । कुल वैदेशिक रोजगारीको ९० प्रतिशत अंश यी राष्ट्रले आगटेको तथ्यांकले देखाउछ । आज करिब ३५ लाख नेपाली श्रमस्वीकृति लिएर विदेशी भूमिमा श्रम गरिरहेका छन् । नेपालको वैदेशिक रोजगारीको निर्भरता दिनहु बढिरहेको छ । गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या ३ लाख ४८ हजार ६ सय ६५ पुगेको छ । एकपटक वैदेशिक रोजगारी गएर पुनः जानेको संख्या १ लाख ४६ हजार १ सय ४० समेत जोड्दा एक आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्या ५ लाख ३० हजार ८ सय ५ पुगेको छ । तिनीहरूलाई करीब ८ सयको संख्यामा रहको वैदेशिक रोजगार व्यवसायीक सेवा पुऱ्याइरहेका छन् ।

वैदेशिक रोजगार विभाग (२०६८) मा वैदेशिक रोजगारमा जाने कामदारहरू प्रति वर्तमान स्थिती, समस्याहरू तथा चुनौती, निती तथा रणनितीहरूका बारेमा सुनिश्शित गरेको पाइयो, जसमा यस्को उद्देश्य मुलुकको ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रूपमा विकास गर्दै वैदेशिक रोजगारमा उनिहरूको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित वनाउने लिएको थियो ।

Seddon & Graner (सन् २००४) ले आफ्नो लेखमा सन् १९९६-९७ देखि २००३ - ०४ सम्मको विप्रेषणको परिवर्तनलाई प्रथमिक दिदै नेपाली श्रमिकहरूले विदेशी भूमिमा जान खाज्ने प्रवृत्ति तथा जस्का कारणले भित्रिएका विप्रेषण उल्लेखिय मात्रामा वृद्धि हुदै गएका कुरा उल्लेख गरेका छन् । Gurung and Gramer को अनुशन्धानलाई विश्लेशण गर्दै उक्त लेखमा के उल्लेख गरिएको छ भने सामान्यतया खाडी राष्ट्रमा जाने ५३ प्रतिशत मानिसहरू विशिष्ट तथा मह□वपूर्ण पेशामा नभई श्रमिकका रूपमा गएका छन् ।

## २.२ पूर्व साहित्यको पुनरावलोकन (Review of Previous Studies)

पोखरेल (२०५७) लेगरेको अध्ययनमा वैदेशिक रोजगारले गरेको समाजशास्त्रीय अध्ययनमा नेपालको श्रम बजारमा प्रतिवर्ष २ लाख जति श्रमशक्ति थपिने तर कम्तीमा १० प्रतिशत भन्दा पनि कमले उचित रोजगारी पाउन नसक्ने कुरा उल्लेख गरेका छन् । साथै त्यसको समाधानका रूपमा वैदेशिक रोजगारी नै मूख्य आधार विन्दु हुने कुरा प्रस्ट पारेका छन् । उनले आफ्नो आध्ययनमा हाल वैदेशिक रोजगार प्रवर्द्धन केन्द्रहरू धेरैसंचालनमा आइ वैदेशिक रोजगारी मा जाने संख्या अधिकमात्रामा वृर्द्धि भएको जसले गर्दा नेपालबाट विशेष गरी कामदारहरू दक्ष तथा अर्धदक्ष जाने र काम अत्यन्त जोखिमयुक्त तथा कम पारिश्रमिक पाउने कुरा आफ्नो अध्ययनमा उल्लेख गरेका छन् ।

पण्डित (२०५७) ले गरेको नेपालको वैदेशिक रोजगार नामक अध्ययनमा विकासोन्मुख मुलुकबाट विकसित मुलुकमा वैदेशिक रोजगारको लागी जाने कार्यले प्रविधि हस्तान्तरण तथा विदेशि मुद्राको आर्जन र वेरोजगारी समस्या हल हुने हुदा विश्व अर्थव्यावस्थामा वैदेशिक रोजगारीको महत्वपुर्ण स्थान रहने उल्लेख गरेका छन्। त्यसै क्रममा दक्षिण यसियाली तथा सार्क मूलुकहरू विचमा पनि यसको ठुलो महत्व हुने जसमा सवभन्दा वढि महत्व भारत , त्यसपछि क्रमैसगँ पाकिस्तान बंगलादेश , श्रीलङ्का र नेपाल पर्दछन् भनि उक्त अध्ययनमा उल्लेख गरेका छन् ।

रेग्मी(२०६५) ले गरेको वैदेशिक रोजगारीले आर्थीक क्षेत्रमा पारेको प्रभाव को अध्ययनमा नेपाली कामदारहरू पारीवारीक आर्थीक कमजोरी र स्वदेशमा रोजगारी नपाएको कारण विदेशिएको पाईन्छ । खाडी राष्ट्रमा कम आम्दानी भएता पनि उनीहरूले आफ्नो परिवारको,आर्थिक,शैक्षिक आवश्यकताहरू आम्दानी अनुसार परिपूर्ती गरीएको पाइन्छ ।

वैदेशिक रोजगारीले नेपाली कामदारहरूलाई नकरात्मक प्रभाव भन्दा अध्ययन क्षेत्रका ८१.४८ प्रतिशत आर्थिक सुधार ल्याएको उल्लेख गरेका छन् ।

रिजाल (२०६७) काअनुसार नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेको छ । निम्न र मध्यम वर्गीय नेपालीहरू धेरै मात्रामा वैदेशिक रोजगारमा जाने गर्दछन् ।यस्ता नेपालीहरूलाई विदेशमा गरिनुपर्ने कामको बारेमा केहिपनि थाहा हुदैन । विदेशमा रोजगारीका अवसरहरू प्रशस्त पाईन्छन् र रोजगारीका लागी विदेश जानुपर्दछ भन्ने धारणा रहेको हुन्छ । यस्ता कामदारले कुनैपनि सिप सिकिरहेका हुदैनन । यसरी बिदेश गएका कामदारहरूले विदेशमा कडा परिश्रम गर्नुपर्ने र तलव तथा सेवा सुविधाहरू न्युन पाउने भएकोले उनिहरूको आर्थिक अवस्थामा उल्लेख्य परिर्वतन हुदैन ।

कसांकार (सन् १९८२)ले आफ्नो अनुसन्धानमा सन् १८१४पछि नेपालमा विप्रेषणसुरुवात सेनाहरूवाट भए तापनि पछि गएर गैर सैनीक श्रमिकहरूवाट प्राप्त हुने गरेको उल्लेख गरेका छन् । उनको उक्त अनुसन्धानले नेपालको बढ्दो जनसंख्या रोजगारीका अवसरहरू बिच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशेढुङ्गाको रूपमा बैदेशिक रोजगारी लाई लिएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीवाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको शिक्षा तथा प्राविधिक ज्ञान एवम् सिपमा उच्च लगानी गरी आफ्नो परिवारको आर्थिक सापाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकरात्मक अथवा वैदेशिक रोजगारीको खराव पक्षमाश्रमिकको तीव्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ पनि सचेत गरिएको छ ।

अधिकारी र सुवाल (सन् २००७)काअनुसार विदेशवाट प्राप्त विप्रेशन आयले गरिबी निवारणमा मेरुदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नोलेखमा विप्रेषण नहुने हो भने गरिबीको रेखामुनीको गरीबी ३१ प्रतिशत बाट बढेर ३६.३७ प्रतिशत हुने थियो भनि उल्लेखगरेका छन् । उनले निष्कर्षमा विप्रेषण आय घरयासी खर्चमात्र नभएर पूजी निमार्णमा पनि भुमिका हुने भुमिका हुने निष्कर्ष निकालेका छन् ।

चन्द (सन् २००८)अनुसार वैदेशिक रोजगारीवाट प्राप्त विप्रषणले नेपालको कूल गार्हस्थ्यउत्पादनमा ठुलो योगदान दिने गरेको छ । वैदैशिक रोजगारी नेपाली अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र भएकोले यस क्षेत्रलाई स्वीकार्नु सरहना गर्नु पर्दछ । साथै यसको मुल्याङ्कन

प्रोत्साहन गर्नु पर्दछ । वैदेशिक रोजगारीलाई पारदर्शी, सवैको पहुँच, हक सवै प्रकारका ठगी रोक्ने सयंत्र निमार्ण गर्नु पर्दछ । प्राप्त विप्रेषण लाई प्रोत्साहन र उत्पादन क्षेत्रमा खर्च गर्ने वातावरण सिर्जना गरिनु पर्दछ । त्यसकालागी विप्रेषण लाइ गरीवी निवारण र आर्थिक कार्यमा लगाउनु पर्दछ ।

यसरी यी माथी उल्लेखित विविध अनुसन्धान भन्दा यस अनुसन्धानमा वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूको त्यहा जानुपर्ने कारणहरू तथा वैदेशिक रोजगारीबाट प्राप्त आयले पारेको आर्थिक तथा शैक्षिक प्रभावको वारेमा नेपालको पाँचथर जिल्लाका मिक्लाजुङ गा.पा. लाई नमुना छनौट गरी अनुसन्धान गरिएको हुदाँ यो अनुसन्धान अन्य अनुसन्धान भन्दा फरकागरिएको छ ।

## २.३ अनुसन्धान अन्तर (Research Gap)

वैदेशिक रोजगारीले त्यसमा संलग्न व्यक्तिहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण सन्दर्भमा यस भन्दा अगाडि थुप्रै अध्ययन अनुसन्धान सम्पन्न भएका छन् । पूर्व साहित्यको समीक्षामा प्रयुक्त भएका अनुसन्धानका उद्धेश्यहरू पनि वैदेशिक रोजगारीले त्यसमा संलग्न परिवारको आर्थिक, सामाजिक जनजीवनमा पारेको प्रभावको अध्ययन गर्ने, वैदेशिक रोजगारी र त्यससँग सम्बन्धित पक्षका विविध अवस्थाको अध्ययन गर्ने सँग सम्बन्धित थिए । त्यसैगरी वेदेशिक रोजगार विभाग, नेपालमा श्रम मन्त्रालय,र अन्य विद्वानहरूले गर्ने अध्ययनका प्रतिवेदनहरूमा पनि वैदेशिक रोजगारको महत्वमाथि जोड दिएको पाइन्छ ।


रेग्मी, (२०६५) ले गरेको अध्ययनमा वैदेशिक रोजगारीमा जानु अघि र गएपछिको आर्थिक तथा शैक्षिक प्रभावको अध्ययन गरिएको थियो । जसअनुसार वैदेशिक रोजगारीले संलग्न ८१.४८ प्रतिशत मानिसहरूको जीवनमा आर्थिक सुधार भएको पाइयो ।

यस अध्ययनलाई यस अघिका अनुसन्धान भन्दा केही भिन्न र पृथक बनाउने योजना अनुरूप यो अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको मात्र अध्ययन गरिएको छ । यस अघिका अध्ययन अनुसन्धानको विधि र निष्कर्षलाई मार्गनिर्देशनको रूपमा लिदैं यस अनुसन्धान मार्फत पाँचथरको मिक्लाजुङ गा.पा. बाट वैदेशिक रोजगारीमा गएका ४००

व्यक्ति अनि तिनीहरूका परिवारमा वैदेशिक रोजगारीले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव बारे खोतल्ने जमर्को गरिएको छ ।


## २.४सैद्धान्तिक अवधारणात्मक ढाँचा(Theoretical Frame Work)

वैदेशिक रोजगारबाट प्राप्त आम्दानी, क्षेत्रगत खर्च एवम बचतको परिचालन लाई समेटेर शर्मा, (२०७२) ले गर्नुभएको अध्ययनको खाकालाई यहाँ अवधारणात्मक ढाँचाको रूपमा प्रस्तुत गरिएको छ ।




स्रोत : शर्मा, (२०७२)

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)



# अध्याय-तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र तौर तरिकाहरू(Research Method and Procedures)

यस अध्यायमा अध्ययनले समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, जनसङ्ख्या र नमूना छनौट, तथ्याङ्क संकलनका औजारहरू, तथ्याङ्क संकलनविधि र तथ्यांकको विश्लेषण उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

पाँचथर जिल्लाको मिक्लाजुङ गा.पा. बाट वैदेशिकरोजगारीमा गएका व्यक्तिहरूको आर्थिक स्थिति तथा उनीहरूको बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कको संकलन वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई नमूना छनोट गरी अन्तर्वार्ता, प्रश्नावली र अवलोकनको माध्यमबाट सूचना संकलन गरिएको छ । यी श्रोतबाट तथ्याङ्क संकलन गरिएको भएका यस अध्ययनको गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्कहरू संकलन गरी व्याख्यात्मक एवम् विश्लेषणात्मक ढाँचामा तयार गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोतहरू(Sources of Data)

यस अनुसन्धानमा तथ्याङ्क संकलनका लागि प्राथमिक र द्वितीय स्रोतहरूलाई उपयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्क(Primary Data)

प्राथमिक तथ्याङ्कका स्रोतका रूपमा यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका व्यक्तिहरू रहेका छन् । यो अध्ययनमा पाँचथर जिल्ला मिक्लाजुङ गा.पा. बाट वैदेशिक रोजगारीमा गएर आएका व्यक्तिहरू नै प्राथमिक स्रोतका रूपमा रहेका छन् ।

### ३.२.२ द्वितीय तथ्याङ्क(Secondary Data)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय स्रोतहरूमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित संस्था, श्रम मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, वैदेशिक रोजगार विभाग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, पूर्व प्रकाशित लेख रचनाहरू, पत्रपत्रिका, पुस्तक, पुस्तिका तथा यस सम्बन्धमा गरिएका अध्ययन अनुसन्धान लगायत जिल्ला समवन्य समिति पाँचथर, मिक्लाजुङ गा.पा. बाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहयोग लिइएको छ ।

## ३.३ अध्ययन क्षेत्र (Study Area)

पूर्वाञ्चल विकास क्षेत्र, मेची अञ्चल प्रदेश नं. १ पाँचथर जिल्ला मिक्लाजुङ गा.पा. लाई यस अध्ययनको क्षेत्रको रूपमा लिइएको छ ।

## ३.४ जनसङ्ख्या, नमूना आकार र नमुना छनोट रणनीति (Populaton and Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसङ्ख्या र जसबाट छनौट गरिएको नमूनाको आकार तथा छनौट प्रकृया यसप्रकार उल्लेख गरिएको छ ।

### ३.४.१ जनसङ्ख्या (Population)

प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि यस गा.पा.वडा नं. ८ बाट खोजको क्षेत्रभित्र परेका खाडी राष्ट्रका ४ देशहरू (साउदी, कतार, दुवई र मलेशियामा वि स २०६८ देखि २०७४ चैत्र सम्ममा रोजगारीमा गएर फर्किएका १०८२ घरधुरीका रहेका छन् । यो नै अध्ययनको जनसङ्ख्या रहेको छ ।

### ३.४.२ नमूनाको आकार (Sample Size)

यस गा.पा. बाट वि स २०६८ देखि २०७४ चैत्र सम्ममा रोजगारीमा गएर फर्किएका १०८२ घर घरधुरीमध्ये ४०० घरधुरीलाई अर्थात् ३७ प्रतिशत यस अध्ययनको नमुना छनोट गरिएको छ । जुन कुल जनसङ्ख्याको ३७ प्रतिशत हो ।

### ३.४.३ नमूना छनोट रणनीति (Sampling Strategy)

१. यस अध्ययनमा पाँचथर मिक्लाजुङ गा.पा. लाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी यस क्षेत्रमा वैदेशिक रोजगारी सम्बन्धी कुनै पनि अध्ययन अनुसन्धान नभएको र अध्ययनका लागि आवश्यक तथ्यांकहरू सहजरूपमा प्राप्त हुने भएकोले यस क्षेत्रलाई नमूनाको रूपमा अध्ययनका लागि छनौट गरिएको छ ।

२ मिक्लाजुङ गा.पा. मा कुल ८ वडाहरू रहेको छन् ।स्रोत र साधनको अभावको साथै समयको सिमितताको कारण यस अध्ययनमा वडा नं. ८ लाई उद्देश्यमूलक नमुना छनोट विधि अनुसार छनोट गरिएको छ । निम्न अनुसार समानुपातिक विधिद्वारा तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | देश | जनसङ्ख्या | नमूना छनौट |
|---|---|---|---|
| १ | कतार | २०० | ७० |
| २ | मलेसिया | ४२० | १७६ |
| ३ | दुवाइ | ३२० | ११६ |
| ४ | साउदी | १४२ | ३८ |
| जम्मा | | १०८२ | ४०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

३. यस अध्ययनमा १०८२ घर धुरीमध्ये मलेसिया गएका ४२० बाट १७६ घरधुरी, दुवई गएका ३२० घरधुरीबाट ११६ घरधुरी, कतार गएका २०० घरधुरीबाट ७० र साउदी गएका १४२ घरधुरीबाट ३८ घरधुरीलाई सामान्य सम्भावना युक्त नमूना छनोट विधि अन्तर्गत चिठ्ठा प्रणालीद्वारा छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका औजारहरू(Tools of Data Collection)

यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न प्रश्नावली र अवलोकन औजारहरूको प्रयोग गरिएको छ । जुन निम्नानुसार छन् :

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको छ । अन्तर्वार्ता प्रश्नावलीको प्रयोग वैदेशिक रोजगारीमा संलग्न सदस्यहरूको परिवारको आकार, आम्दानी, खर्च आदिका बारेमा सूचना संकलनको लागि गरिएको छ । साथै वैदेशिक रोजगारीमा संलग्न भएका सदस्यहरूको आर्थिक र उनीहरूको बालबालिकाहरूको शैक्षिक अवस्थाका बारेमा तिनै उत्तरदाताकै माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन फाराम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न व्यक्तिलाई लिएर वैदेशिक रोजगारीमा संलग्न भएका र नमूना छनौटमा परका सदस्यहरको घरधुरीमा प्रत्यक्ष गएर उनीहरूले बस्दै गरेको घरको अवस्थ, सरसफाइ, खानेपानीको अवस्था, शौचालयको अवस्था, बालबालिकाको सरसफाई बोलीचाली आदि कुराहरूको बारेमा प्रत्यक्ष रूपमा अवलोकन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि (Techniuqe of Data Collection)

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.६.१ प्रत्यक्ष अन्तर्वार्ता (Direct Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तर्वार्ताको रूपमा प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता अन्तर्गत प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वयम. अध्ययन क्षेत्रमा गई वैदेशिक रोजगारीमा गएका नमूना छनौटमा परेका सदस्यहरूसँग आमनेसामने बसी प्रश्न उत्तरका माध्यमबाट तथ्याङ्क संकलन गर्न प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता (Direct Personal Interview) गरिएको छ ।

### ३.६.२ सहभागिता मूलक अवलोकन (Participatory Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि कुनै एक दिन नमूना छनोटमा परेका सदस्यहरूको प्रत्यक्ष सहभागितामा घरको अवस्था कस्तो छ

?खानेपानीको अवस्था कस्तो छ ? शौचालयको अवस्था कस्तो छ ? आदिको बारेमा सहभागिता मूलक अवलोकन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण र व्याख्याको तरिकाहरू (Interpretation and Analysis of Result)

यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलन गरिसकेपछि तथ्याङ्कहरूलाई विभिन्न तालिकामा प्रस्तुत गर्दै व्यवस्थित रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै खाले तथ्याङ्कहरू समावेश भएकाले तिनीहरूको तुलनात्मक प्रस्तुतीको लागि तालिकाको निर्माण गरिएको छ भने निष्कर्ष निकालेर सुझावहरू पेश गर्न सजिलो होस भनी औषतको गणना गरिएको छ । जसलाई यस शोधपत्रको अध्याय ४ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

## अध्याय चार(CHAPTER Four)

## ४. परिणामको व्याख्या र विश्लेषण(Analysis and Interpreation of the Result)

### ४.१अध्ययन क्षेत्रको परिचय(Introduction of Field Area)

पाँचथर जिल्ला नेपालको प्रदेश नं. १ अन्तर्गत पूर्वी पाहाडी जिल्ला हो । यो समुद्र सतहबाट ३८३ मिटर, दक्षिणको तमोर बगर देखि ४,५७५ मिटर सम्म उच्च भाग सम्म अवस्थित छ । नेपाल अधिराज्यको पूर्वी सिमानामा रहेको प्रदेश नं. १ अन्तर्गत उत्तर दक्षिण सिमाना पल्लो किरातको नामले पनि प्रसिद्ध छ । प्राचिन समयको लिम्बुवान क्षेत्रको केन्द्रविन्दुको रूपमा रहेको यस जिल्लाको सदरमुकाम फिदिममा दश लिम्बुवान क्षेत्रका राजाहरू (फेदेन) ले संयुक्त रूपमा सभा गरी सामुहिक रूपले मह[illegible]वपूर्ण विषयहरू यहाँ आम्वे पोजोमा भन्ने तिर्थस्थलमा जम्मा भई सभा (चुम्लुङ्ग) द्वारा निर्णय गर्ने परम्परा आएको देखिन्छ ।

यस जिल्लाको जम्मा क्षेत्रफल १,२४१ कि.मि. ४७९.२ वर्ग मि) रहेको छ । यसको अधिकतम उचाई ४,५७५ मि. (१५,०१० फिट) र न्यूनतम उचाइ, ३८३ मि. (१,२५७ फिट) रहेको छ । पाँचथर जिल्लाको २०६८ सालको जनगणना अनुसार, १९१,८१७ रहेको पाइन्छ । यस जिल्लाा विशेषगरी मुख्य भाषाहरू, नेपाली, राई, लिम्बु बोलिन्छ भने बाहुन, क्षेत्री, लिम्बु, किरात, राई, भोटे प्रमुख जातजातिहरू बसोबास रहेको छ ।

भौगालिक अवस्था

यस जिल्लाको अक्षांश २६.२८” देखि २६.५९” उत्तरी अक्षांश र देशान्तर ८०.२” देखि ८०.३०” पूर्वी देशान्तरमा फैलिएको छ । यस जिल्लाको पूर्वमा सिक्किम र दार्जिलिङ्ग ( भारत, पश्चिममा तेह्रथुम र धनकुटा जिल्ला, उत्तरमा, ताप्लेजुङ जिल्ला र दक्षिणमा इलाम र मोरङ जिल्लामा सिमाना रहेको छ । यस जिल्लाको सदरमुकाम फिदिम रहेको छ ।

हावापानी

हावापानीको दृष्टिले विविधता बोकेको यस जिल्लामा ग्रस्म ऋतुमा अधिकांश भू-भागमा रमाइलो मौसिम रहन्छ भने हिउँदको समयमा निकै चिसो मौसम रहन्छ । यस जिल्लाको

वार्षिक वर्षा २,०७१ मि.लि. छ भने तापक्रम २६.१ डिग्री सेल्सियस र न्यून्तम तापक्रम १२.३ डिग्री सेल्सियस सम्म रहेको पाइन्छ ।

प्रमुख धार्मिक स्थलहरू र ऐतिहासिक स्थलहरू यस जिल्लाको, कावेली, महादेव स्थान, जोरपोखरी, आगेजुङ गुम्बा, सिद्ध देवी स्थान, किरातहरूको प्रसिद्ध लुब्रेकुटी मन्दिर, महागुरु फाल्गुनन्दको मन्दिर, यासाकको कुम्मायक र कुसायक देउराली, रविको बेहुली ढुङ्गा, मिकलाजुङ डाँडा आदि धार्मिकस्थलको रूपमा परिचित छन् भने जोरसाल गठी, आहाले, गैढ्ढी र छाला सकुवा डाँडा, उत्तरे डाँडा, फौदार पाटी, जोरपाटी, सिम्राहा पाटी, तीनधारे पाटी (फिदिम) जोरसाल पाटी र हेवाखोला पाटी आदि यस जिल्लामा ऐतिहासिक स्थानहरू रहेको छ  (स्रोत : जि.स.स. २०७५) ।

## ४.२ नमुना छनोट क्षेत्रको जनसंख्याको अवस्था(Demographic Situation of Sampled Area)

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ४०० घर धुरीमा परेका परिवार सदस्य संख्यालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१**

**वैदेशिक रोजगारमा गएका घरधुरी**

| क्र.सं. | देश | जनसङ्ख्या | नमूना छनोट |
|---|---|---|---|
| १ | कतार | २०० | ७० |
| २ | मलेसिया | ४२० | १७६ |
| ३ | दुवाई | ३२० | ११६ |
| ४ | साउदी | १४२ | ३८ |
| जम्मा | | १०८२ | ४०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.१ मा देशका आधारमा परिवारको सदस्य संख्यालाई देखाइएको छ । वैदेशिक रोजगारीमा गएका परिवार संख्या जम्मा४०० रहेको छ र त्यस मध्ये, कतार जाने जनसङ्ख्या २०० बाट ७०, मलेसिया जाने जनसङ्ख्या ४२० बाट १७६, दुवाई जाने जनसङ्ख्या ३२० बाट ११६ र साउदी जाने जनसङ्ख्या १४२ बाट ३८ गरी म्मा ४०० लाई उद्देश्यमुलक नमुना छनोटको आधारमा वडा नं. ८ बाट लिइएको छ ।

### ४.२.१ उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागिता(Agewise Participation in Foreign Employment)

आर्थिक रूपले १८-५९ वर्ष सम्मलाई सकिय जनसंख्या मानिएता पनि १८ वर्ष उमेर नपुगी वैदेशिक रोजगारीमा आवेदन दिन नपाइने हुनाले १८ वर्ष माथिको उमेर समूहलाई मात्र अध्ययन समेटिएको छ । १८ वर्ष भन्दा माथिको र ४० वर्ष भित्रको उमेरको व्यक्तिले वैदेशिक रोजगारीमा आवेदन दिन पाए पनि कम्पनिको विश्वास जित्न सफल व्यक्तिको करार अवधि भने उक्त कम्पनिको हातमा रहने समेत भएकाले कतिपय ४० वर्ष माथिका व्यक्तिहरू वैदेशिक रोजगारीमा संलग्न भएको पाइएको छ । अध्ययन क्षेत्रमा उमेर गत संरचना अनुसार वैदेशिक रोजगारीमा सहभागिता देहायवमोजिम रहेको छ ।

**तालिका ४.२**

**उमेरगत रूपमा वैदेशिक रोजगारीमा सहभागिता-२०७५**

| क्र.स. | उमेर समूह | पुरुष | पुरुष % | महिला | महिला % | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १५-२५ | 49 | 23=6 | 50 | 20=9 | 99 | 22=2 |
| २ | २६-४० | 38 | 18=3 | 40 | 16=7 | 78 | 17=4 |
| ३ | ४१-६० | 35 | 17=8 | 45 | 18=8 | 80 | 17=9 |
| ४ | 60 देखि माथि | 33 | 15=9 | 39 | 16=31 | 72 | 16=1 |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२ अनुसार अध्ययन समाविष्ट घर परिवारको कूल संख्या रहेको छ ।१५ देखि २५ को ९९ जना, २६ देखि ४० को ७८ जना र ४० देखि ६० सम्म उमेर समूहको ८० जना र ६० देखि माथि उमेर समूहको जम्मा ७२ जना उमेर समूहको पाइयो । सबैभन्दा बढी जनसंख्या १५-२५ वर्ष उमेर समूहको पाइयो ।

### ४.२.२ नमुना छनौटमा परेका वैदेशिक रोजगारीमा गएका कामदारहरू (People include in Sampling selection returned foreign Employment)

यस अध्ययन क्षेत्रमा ४ वटा राष्ट्रहरू साउदी अरब, कतार, दुवाई र मलेसिया गएका व्यक्ति र त्यहाँबाट फर्किएका २०६८ देखि २०७४ सम्मको तथ्याङ्कलाई समावेश गरिएको छ । २०६८ बैशाख देखि २०७४ चैत्र मासान्त सम्म वैदेशिक रोजगारीमा गएका १०८२ जनाबाट ३७ प्रतिशत पर्ने गरी ४०० जनालाई समेटिएको छ । जसलाई तालिका देखाइएको छ ।

**तालिका ४.३**

**वैदेशिक रोजगारीमा गएका कामदारहरू-२०७५**

| देश | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| साउदी अरब | ८४ | ११ | ९५ | २३% |
| कतार | ८७ | ९ | ९६ | २४% |
| दुवई | ६८ | ११ | ७९ | १९.७५% |
| मलेसिया | १३० | | १३० | ३२.५% |
| जम्मा | ३६९ | ३१ | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.३ अनुसार सबैभन्दा बढी ३२.५० प्रतिशत मलेसिया गएको पाइयो । त्यसपछि साउखी अरब २३□, दुवईमा १९.७५ % र कतारमा २४ % मा सबै भन्दा कम गएको पाइयो ।

### ४.२.३ कामदारको उमेर (Participate Age)

मिक्लाजुङ गा.पा.मा नमुना छनोटमा परेका वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको उमेर १८ वर्ष देखि ४९ वर्ष सम्मका युवा युवती र वयस्कहरू रहेका छन् । नमुना छनोटमा परेका व्यक्तिहरूको जुन वैदेशिक रोजगारीमा गएका छन् । तिनीहरूको उमेरगत विवरणलाई तल दिइएको छ ।

**तालिका ४.४**

**सहभागीहरूको उमेरगत विवरण-२०७५**

| क्र.स. | उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १८-२६ | ९८ | २४.५७ % |
| २ | २६-३५ | १५२ | ३८.१३ % |
| ३ | ३५-४० | १०२ | २५.४२ % |
| ४ | ४०-४९ | ४८ | ११.८६ % |
| जम्मा | | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

स्थलगत सर्वेक्षण अनुसार नमुना छनोटमा परेका र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको उमेरगत विवरणमा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ३८.१३

प्रतिशत रहेका छन् । त्यस्तै १८ देखि २६ वर्ष उमेर समूहका २४.५७%, ३५ देखि ४० उमेर समूहका २५.४२ %, ४० देखि ४९ उमेर समुहका ११.८६ प्रतिशत रहेको छन् ।

### ४.२.४ वैवाहिक स्थिति (Martial Status)

वैदेशिक रोजगारीमा गएका युवा युवतीहरूको वैवाहिक स्थिति के छ? विवाहित छन् वा अविवाहित भन्ने विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**वैदेशिक रोजगारीमा सहभागिको वैवाहिक स्थिति-२०७५**

| वैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| विवाहित | २४४ | ३१ | ८ | २ | २५२ | ६३ |
| अविवाहित | ११६ | २९ | ३२ | ८ | १४८ | ३७ |
| जम्मा | ३६० | ९० | ४० | १० | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.५ मा बमोजिम अध्ययनको सीमा भित्रको देशमा रोजगारीको लागि जाने अधिकांश विवाहित रहेको देखिन्छ । जस अनुसार वैदेशिक रोजगारीमा संलग्न मध्ये ६३ प्रतिशत विवाहित अवस्थामा वैदेशिक रोजगारीमा संलग्न रहेका छन् भने ३७ प्रतिशत अविवाहित रहेरै वैदेशिक रोजगारीमा संलग्न रहेका छन् ।

### ४.२.५ जातिगत विवरण (Castewise Description)

मिक्लाजुङ गा.पा. मा वैदेशिक रोजगारीमा गएर फर्किएका नमुना छनौटमा परेका कामदारहरू कुन- कुन जातका रहेछन् भन अध्ययन गर्ने क्रममा निम्न जात जातिको अवस्था देखियो जसलाई तलको तालिकामा राखिएको छ ।

**तालिका ४.६**

**वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको जातीगत विवरण २०७५**

| जातजाति | पुरुष | महिला | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ब्राम्हण | ८४ | – | ८४ | २१.१ |
| क्षेत्री | ९२ | – | १२४ | ३१.२७ |
| दलित | ४४ | ६ | ५० | १२.७ |
| जनजाति | १२८ | १४ | १४२ | ३५.८ |
| जम्मा | ३८० | २० | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

स्थलगत सर्वेक्षण अनुसार नमुना छनौटमा परेका व्यक्तिहरूमा सबैभन्दा बढी जनजाति ३५.८ प्रतिशत, क्षेत्री ३१.२७ प्रतिशत, ब्राह्मण २१.१ प्रतिशत र दलित १२.७ प्रतिशत रहेको छ । जसबाट प्रष्ट हुन्छ कि जनजाति सवैभन्दा बढी वैदेशिक रोजगारीका लागि जाने गरेको पाइयो ।

## ४.३ आर्थिक अवस्था (Economic Condition)

यस अधययनको नमुना छनौटमा परेका वैदेशिक रोजगारीका लागि गएका व्यक्तिहरूको आर्थिक अवस्थाको अध्ययन र विश्लेषण गर्नु यो अनुसन्धानको प्रमुख उद्देश्य हो । यस अध्ययन मा २०६८ देखि २०७४ सम्म वैदेशिक रोजगारीमा गएका वा फर्किएका व्यक्तिहरूको आम्दानी खर्च र बचतको सर्वेक्षण गरिएको छ । वास्तवमा बैदेशिक रोजगारीको आर्थिक अवस्थामा के कस्ता सुधार ल्याउन सक्यो वा सकेन भन्ने कुरा यस अध्ययनमा केलाउन खोजिएको छ ।

### ४.३.१ विदेश जानु भन्दा पहिलेको पारिवारिक आय(Family Earning before the Foreign Employment)

यस अध्ययनको नमुना छनौटमा परेको जनसंख्या वैदेशिक रोजगारीमा जानु पूर्व कृषि, व्यापार, जागिर, उद्योग जस्ता पेशामा संलग्न भई आम्दानी गरेको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

Õ **पेशागत अवस्था**

**तालिका ४.७**

**वैदेशिक रोजगारमिा जानु अघि विभिन्न पेशाको आधारमा मा वार्षिक आम्दानी-२०७५**

| क्र.सं. | पेशा | वैदेशिक रोजगारीमा जानु अघिको आय (रु) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १७२००००० | ४७.२ |
| २. | व्यापार | ६१५२००० | १६.८ |
| ३. | जागिर | ५०००००० | १३.७ |
| ४ | उद्योग | ८०७०००० | २२.१ |
| | कुल आम्दानी | ३६४२२००० | १००.० |
| | औसत आम्दानी | ९१०५५ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.७ अनुसार नमुना छानेटमा परेको घरधुरीको क्षेत्रगत परिवारिक वार्षिक आम्दानी हेर्दा सवैभन्दा बढी आम्दानी कृषि क्षेत्रको रु १७२,००,००० ४७.२□ रहेको छ । त्यसै गरी व्यापारबाट रु ६१,५२,००० १६.८□, जागिर बाट रु ५०,००,००० १३.७२□, अन्यबाट रु ८०,७०,००० २२.१□ र औसत आम्दानी ९१,०५५ देखिन्छ ।

Õ **स्रोतगत आय**

परिवारका सदस्यहरूको आधारभूत आवश्यकता, परिपूर्ति गर्नको लागि आम्दानी अनिवार्य शर्त हो । परिवारको मुख्य आयस्रोतको प्रत्येक व्यक्तिको जीवनशैली तथा जीवनस्तरमा प्रभाव पारेको हुन्छ । यस अध्ययनमा सहभागीहरूको वैदेशिक रोजगारीमा जानुभन्दा अघिको पारिवारिक आम्दानीको स्रोतलाई देखाइएको छ ।

**तालिका ४.८**

**स्रोतगत पारिवारिक वार्षिक आम्दानी-२०७५**

| **क.सं.** | **स्रोतहरू** | **आम्दानी रु मा** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कृषि उत्पादन | १८०,००,०००/- | ४६.८ |
| २ | व्यापार व्यवसाय | ८०,७५,०००/- | २१.१ |
| ३ | स्वदेशी रोजगारी | ६२,००,०००/- | १६.१ |
| ४ | घरेलु उद्योग | ६१,५२,०००/- | १६ |
| | कुल आम्दानी | ३,८४,२२,०००/- | १०० |
| | औषत आम्दानी | ९६,०५५/- | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका ४.८ मा स्रोतगत पारिवारिक वार्षिक आम्दानीलाई देखाइएको छ । वैदेशिक रोजगारीमा जानुभन्दा पहिले प्राप्त हुने आयको स्रोतलाई देखाइएको छ । जसमा कृषि उत्पादनबाट सबैभन्दा बढी आम्दानी रु १८०,००,०००/- छ भने व्यापार व्यवसायबाट रु ८०,७०,०००/-, स्वदेशी रोजगारीबाट रु ६२,००,०००/- घरेलु आम्दानीबाट रु ६१,५२,०००/- गरी कूल आम्दानी, ३,८४,२२,०००/- र औषत आम्दानी ९६,०५५/- रहेको पाइयो ।

### õ **तहगत आय (Levelwise Income)**

मिक्लाजुङ गा.पा. को प्रमुख आम्दानीको स्रोत कृषि भएता पनि शिक्षक, प्रहरी, कर्मचारी तथा वैदेशिक रोजगारी पेशमा आवद्ध भएका मानिसहरूको पनि बसोबास उल्लेख्य रहेको छ । प्रस्तुत अध्ययनमा वैदेशिक रोजगारीमा जानुभन्दा अगाडिको तहगत पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ ।

### तालिका ४.९

### तहगत पारिवारिक वार्षिक आम्दानी-२०७५

| क्र.सं. | वार्षिक अम्दानी | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-६०,००० | १०० | २५ |
| २ | ६०,०००-१,३०,००० | २४० | ६० |
| ३ | १,३०,०००-१,८०,००० | ६० | १५ |
| | जममा | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका ४.९ मा तहगत पारिवारिक वार्षिक आम्दानीलाई देखाइएको छ । ०-६०,००० सम्म, आम्दानी गर्ने परिवार १०० रहेको छ भने ६०,०००-१,३०,००० सम्म आम्दानी गर्ने घरपरिवार २४० घरपरिवार र १,३०,०००-१,८०,००० सम्म आम्दानी गर्ने घरपरिवार ६० रहेको पाइयो ।

### ४.३.२ विदेश जानु भन्दा पछिको पारिवारिक आम्दानी (Family Earning after the Foreign Employment)

यस अध्ययन क्षेत्रमा रहेमा घरपरिवारले वैदेशिक रोजगारी पश्चात देहाय वमोजिमका क्षेत्रबाट निम्न वमोजिम आय प्राप्त गर्ने गरेको पाइयो जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

õ **पेशागत अवस्था**

### तालिका ४.१०

### वैदेशिक रोजगारी पश्चात पेशागत आम्दानी - २०७५

| क्र.सं. | आम्दानीको क्षेत्र | वैदेशिक रोजगारीमा गई प्राप्त गरेको आय (रु) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | २,३०,७०,००० | १३ |
| २. | नोकरी | २,७२,८२,००० | १४ |
| ३. | खुद्रा व्यापार | २,१०,००,००० | ११ |
| ४ | वैदेशिक रोजगारी | ९,६१,९२,००० | ५०.६ |
| ५. | अन्य | २,२४,०८,००० | ११.४ |
| | कूल आम्दानी | १८,९९,५२,००० | १०० |
| | औसत आम्दानी | ४,७४,८८० | |

स्रोत: स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.१० अनुसार नमुना छनौटमा परेको घरधुरीको क्षेत्रगत पारिवारिक वार्षिक आम्दानि हेर्दा सवैभन्दा वढी वैदेशिक रोजगारीबाट प्राप्त गरेको पाइयो । जून कूल आम्दानीको ५०.६ रहेको पाइयो । त्यसैगरी सबैभन्दा कम खुद्रा व्यापारबाट प्राप्त भएको देखियो जून कूल आम्दानीको ११ प्रतिशत रहेको पाइयो ।

### Õ स्रोतको आधारमा पारिवारिक आम्दानी (Family Income on the Basis of Source)

यस अध्ययनमा परिवारको सदस्य वैदेशिक रोजगारीमा सहभागी भएपछि उनीहरूको पारिवारिक आम्दानीलाई देखाउन खोजिएको छ । वैदेशिक रोजगारीमा सहभागी हुनेहरूको आम्दानीमा विविधता रहेको पाइन्छ । समग्रमा उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको सदस्यहरूको गर्ने आम्दानीलाई जोडेर उनीहरूको पारिवारिक वार्षिक आम्दानी तथा औषत प्रतिव्यक्ति आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.११**

**वैदेशिक रोजगार पछिको स्रोतगत पारिवारिक आम्दानी -२०७५**

| क्र.सं. | आम्दानीका स्रोतहरू | आम्दानी रु | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५४,४०,०००/- | ३.२८ |
| २ | व्यापार व्यवसाय | १६०,००,०००/- | १०.०३ |
| ३ | स्वदेशी रोजगारी | ७०,८०,०००/- | ४.४४ |
| ४ | घरेलु उद्योग | ३२,८०,०००/- | २.०६ |
| ५ | वैदेशिक रोजगारी | १२,८०,००,०००/- | ८०.२० |
| | जम्मा | १५,९६,००,०००/- | १०० |
| औषत प्रतिव्यक्ति आम्दानी | | ३,९९,००० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका ४.११ मा वैदेशिक रोजगार पछिको पारिवारिकको स्रोतगत वार्षिक तथा आम्दानीको स्रोतलाई देखाइएको छ । तालिका अनुसार सबैभन्दा वैदेशिक रोजगारीबाट आम्दानी भएको देखिन्छ । यसमा वार्षिक रु १२,८०,००,०००/- (८०.२०%) आम्दानी भएको देखिन्छ । त्यसैगरी घरेलु उद्योगबाट रु ३२,८०,०००/- (२.०६%) आम्दानी भएको

देखिन्छ । यस प्रकार कुल ४०० घर पविारको वार्षिक आम्दानी रु १५,९६,००,०००/- छ भने औषत आम्दानी रु ३,९९,०००/- रहेको छ ।

## õ तहगत व्यक्तिगत आम्दानी (Levelwsie Income)

रोजगारदाता देशहरूले आफ्नो नियम, कानुन तथा क्षमता अनुसार ज्यालादर निर्धारण गरिएको हुन्छ । यस प्रकार देशहरूको विविधता अनुसार ज्याला पनि फरक फरक पाइन्छ । यूरोपियन देशहरूको तुलनामा मलेसिया, कतार, साउदी अबर, दुबई, जस्ता देशहरूमा नेपाली कामदारको ज्याला कमी छ । कामको प्रकृतिक तथा कम्पनी अनुसार पनि ज्यालादर फरक पर्न जान्छ । त्यसैगरी दलालको बदमासीको कारणले पपनि तलब कम हुने गुनासोहरू प्रशस्त हुने गरेको छ । यद्यपी कतिपयले राम्रो आम्दानी पाउने गरेको पाइन्छ । नमुना छनोटमा परका घरपरिवारको वार्षिक तहगत आम्दानीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**

**तहगत व्यक्तिगत आम्दानी-२०७५**

| क्र.सं. | वार्षिक आम्दानी रु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०००००-२००००० | ५६ | १४ |
| २ | २०००००-३००००० | १४० | ३५ |
| ३ | ३०००००-४००००० | १५२ | ३८ |
| ४ | ४०००००-५००००० | ५२ | १३ |
| | जम्मा | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका ४.१२ मा तहगत व्यक्तिगत आम्दानी देखाइएको छ । तालिका अनुसार रु १,००,००० देखि रु २,००,००० सम्म वार्षिक आम्दानी गर्ने ५६ जना वा १४ प्रतिशत रहेको पाइयो । त्यसैगरी रु २,००,००० देखि रु ३,००,००० सम्म वार्षिक आम्दानी गर्ने १४० जना वा ३५ प्रतिशत रहेको पाइयो । रु ३,००,००० देखि रु ४,००,००० सम्म आम्दानी गर्ने १५२ जना वा ३८ प्रतिशत रु ४,००,००० देखि रु ५,००,००० सम्म आम्दानी गर्ने ५२ जना वा १३ प्रतिशत रहेको पाइयो ।

### ४.३.३ वैदेशिक रोजगारीमा जानु पर्व र वैदेशिक रोजगारीमा गएर अपनाइएको व्यक्तिगत पेशा

नमुना छनोटमा परेका व्यक्तिहरूको नेपालमा कुन पेशा अपनाएका थिए र विदेशमा कुन पेशा अपनाएका थिए भन्ने कुरातलको तालिकामा देखाइएको छ । नेपालमा कृषि, व्यापार, जागिर र उद्योगमा काम गरेको व्यक्तिहरू विदेश गएपछि होटल, कलकारखाना, घरेलु क्षेत्र र निर्माण क्षेत्रमा काम गर्ने गरेको पाइयो ।

**तालिका ४.१३**

**वैदेशिक रोजगारीमा जानु पूर्व र वैदेशिक रोजगारीमा गएर अपनाइएको व्यक्तिगत पेशा-२०७५**

| वैदेशिक रोजगारीमा जानु पूर्व | | | | विदेशमा अपनाइएको पेशा | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | पेशा | व्यक्ति संख्या | प्रतिशत | पेशा | व्यक्ति संख्या | प्रतिशत |
| १ | कृषि | २४८ | ६२ | होटल | १०४ | २६ |
| २ | व्यापार | ४८ | ११.८ | कलकारखाना | १२८ | ३२.२० |
| ३ | जागिर | ८० | २०.३ | घरेलु क्षेत्र | ५० | २० |
| ४ | उद्योग | २४ | ५.९ | निर्माण क्षेत्र | ८८ | २२.०३ |
| जम्मा | | ४०० | १००.० | | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.१३ मा नमुना छनोटमा परेका व्यक्तिहरूले वैदेशिक रोजगारीमा जानु पहिला र पछि कुन कुन पेशा अपनाएका थिए भन्ने देखाइएको छ । वैदेशिक रोजगारीमा जानु पूर्व कृषिमा ६२ प्रतिशत, व्यापारमा ११.८ प्रतिशत, जागिरमा २०.३ प्रतिशत र उद्योगमा ५.९  प्रतिशत संलग्न पाइयो । वैदेशिक रोजगारीमा होटल २६ प्रतिशत, कलकारखानामा ३२.२० प्रतिशत, घरेलु क्षेत्रमा २० प्रतिशत र निर्माण क्षेत्रमा २२.०३ प्रतिशत संलग्न रहेको स्थलगत सर्वेक्षणको आधारमा तयार पारिएको तथ्याङ्कबाट पुष्टि भयो ।

यसरी तथ्याङ्कको आधारमा वैदेशिक रोजगारीमा जानु पूर्व सबैभन्दा बढी कृषिमा र सबै भन्दा कम उद्योगमा संलगन रहेको पाइयो । वैदेशिक रोजागरीमा सबैभन्दा बढी कलकारखानामा र कम घरेलु क्षेत्रमा लागेको पाइयो ।

### ४.३.४ वैदेशिक रोजगारीमा जानु अघि र पछिको तहगत आम्दानी विवरण (Revenue the foreign employment)

अध्ययनको नमुना छनौटमा परेका व्यक्तिहरूको प्रति व्यक्ति आम्दानी समग्रमा अध्ययन गरिएको भए पनि ति व्यक्तिहरूको वैदेशिक रोजगारीमा जानु अघि प्रतिव्यक्ति औसत आम्दानी कति थियो भन्ने आम्दानी विवरण तलको तथ्याङ्कमा देखाइएको छ ।

**तालिका ४.१४**

**वैदेशिक रोजगारीमा जानु अघिको आम्दानी अवस्था २०७५**

| क्र.स. | वार्षिक आम्दानी (रु) हजारमा | वैदेशिक रोजगारीमा जानु अघि | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १ | ०- ६०,००० सम्म | १५४ | ३८.३ |
| २ | ६०,०००-१,००,००० सम्म | ११२ | २८.२ |
| ३ | १,००,०००-१,५०,००० सम्म | ७६ | १९ |
| ४ | १,५०,०००-२,५०,००० सम्म | ५८ | १४.४ |
| | जम्मा | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

नमुना छनौटमा परेको व्यक्तिहरूको वर्षिक आम्दानी तहगत रूपमा माथिको तालिकामा देखाइएको छ । जसमा ०-६०,००० सम्म आम्दानी हुने ३८.३ प्रतिशत, ६०,०००-१,००,००० सम्म आम्दानी हेन २८.२ प्रतिशत, १,००,०००-१,५०,००० सम्म आम्दानी हुने १९ प्रतिशत र १,५०,०००-२,५०,००० सम्म आम्दानी हुने १४.४ प्रतिशत वैदेशिक रोजगारीमा जानु अघि आम्दानी हुने १४.४ प्रतिशत वैदेशिक रोजगारमा जानु अघि आम्दानी रहेको छ ।

**तालिका ४.१५**

**वैदेशिक रोजगारीमा जानु पछिको आम्दानी अवस्था २०७५**

| क्र.स. | वार्षिक आम्दानी (रु हजारमा) | वैदेशिक रोजगारमा गएपछिको | |
|---|---|---|---|
| १. | १,५०,०००-२,५०,००० सम्म | ८४ | २१ |
| २. | २,५०,०००-६,००,००० सम्म | २५४ | ६३.५ |
| ३. | ६,००,०००-९,००,००० सम्म | ४४ | ११.२ |
| ४. | ९,००,०००-१२,००,००० सम्म | १८ | ४.३ |
| | जम्मा | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

वैदेशिक रोजगारीमा गए पछि १,५०,०० देखी २,५०,००० सम्म २१ प्रतिशत, २,५०,००० देखी ६,००,००० सम्म ६३.५ प्रतिशत ६,००,००० देखी ९,००,००० सम्म ११.२ प्रतिशत र ९,००,००० देखी १२,००,००० सम्म आम्दानी गर्ने ४.३ प्रतिशत रहेको पाइयो ।

### ४.३.६ वैदेशिक रोजगार पूर्वको क्षेत्रगत खर्च (Foreign Employment before Sectorwise Expenditure)

नमुना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारीमा गए पछि र जानु भन्दा पहिला शिक्षा, स्वास्थ्य चाडपर्व र अन्य क्षेत्रमा खर्च गर्ने, गरेको पाइायो उनीहरूको कुल आम्दानीबाट कुन कुन क्षेत्रमा कति कति खर्च गरेका छन् भनी गरिएको सर्वेक्षण अनुसार प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**क्षेत्रमा आधारमा वर्षिक खर्च विवरण २०७५**

| क्र.स. | खर्च विवरण | वैदेशिक रोजगारीमा जानु पहिलाको खर्च | |
|---|---|---|---|
| | | रकम (रु) | प्रतिशत |
| १ | उपभोग | ३२६५७२९४ | ६२.३ |
| २ | शिक्षा | ४०९५३४६ | ७.८ |
| ३ | स्वास्थ्य | ४०९५२८६ | ७.८ |
| ४ | चाडपर्व | ३४६५२४२ | ६.६ |
| ५ | अन्य | ८१९०५७४ | १५.६ |
| | कुल खर्च | ५२५५६१८६ | १००.० |
| | प्रतिव्यक्ति औसत खर्च | १३१३९० | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.१६ मा वैदेशिक रोजगारीमा जानु अघिको खर्चको अवस्थालाई खर्च क्षेत्रका आधारमा छुट्याइएको छ । वैदेशिक रोजगारीमा जानु पूर्व उपभोगमा ६२.३ प्रतिशत, शिक्षामा ७.८ प्रतिशत, स्वास्थ्यमा ७.८ प्रतिशत, चाडपर्वमा ६.६ प्रतिशत अन्यमा १५.६ प्रतिशत रहेको पाइयो ।

### ४.३.७ तहगत खर्च (Levelwise Expenditure)

अधययनको नमुना छनौटमा परेको जनसंख्या जून वैदेशिक रोजगारीबाट फर्किएको छन् । तिनीहरूको खर्चलाई सर्वेक्षण गरी तहगत रूपमा तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**तहगत वार्षिक खर्चको अवस्था २०७५**

| क्र.स. | तहगत खर्च हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००-१४० | १२० | ३०.५ |
| २ | १४०-१८० | १०८ | २७.१ |
| ३ | १८०-२१० | १०२ | २५.४ |
| ४ | २१०-२५० | ४० | १० |
| ५ | २५० माथि | ३० | ६.७ |
| | जम्मा | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

यस अध्ययनको नमुना छनोटमा परेको व्यक्तिहरूको तहगत खर्चको अवस्थालाई माथिको तालिकामा देखाइएको छ । जसमा १००-१४० हजार सम्म खर्च गर्ने ३०.५ प्रतिशत, १४०-१८० हजार सम्म खर्च गर्ने २७.१ प्रतिशत, १८०-२१० हजार सम्म खर्च गर्ने २५.४ प्रतिशत, २१०-२५० हजार सम्म खर्च गर्ने १० प्रतिशत, २५० देखि माथि खर्च गर्ने पनि ६.७ प्रतिशत जना नै रहेका छन् जसको आय तुलनात्मक रूपमा बढी छ तिनीहरूले नै बढी खर्च गर्ने गरेको पाइयो ।

## ४.३. वैदेशिक रोजगारी पश्चात्को खर्च (Foreign Employment after the Expenditure)

वैदेशिक रोजगार पश्चात्को खर्चमा विशेष गरी उपभोग, शिक्षा, स्वास्थ्य र मनोरञ्जना खर्च गर्ने गरेको पाइयो । जसलाई तलको तालिकाद्वारा देखाइएको छ ।

### Õ क्षेत्रगत खर्च (Sectorwise Expenditure)

वैदेशिक रोजगार पश्चात्को क्षेत्रगत खर्च कुन कुन क्षेत्रमा भएका छ भनेर तलको तालिकामा देखाइएको छ । शिक्षा स्वास्थ्य, मनोरञ्जन र चाडपर्वमा खर्च गर्ने गरेको पाइयो ।

**तालिका ४.१८**

**वैदेशिक रोजगार पश्चात्को क्षेत्रगत २०७५**

| क्र.सं. | खर्चको विवरण | वैदेशिक रोजगार गएपछिको खर्च | |
|---|---|---|---|
| | | रकमहरू | प्रतिशत |
| १ | उपभोग | ७,७३,६७,९५८ | ४२.४ |
| २ | शिक्षा | २,२०,७९,०७४ | १२.१ |
| ३ | स्वास्थ्य | १,११,५०,७६६ | ६.१ |
| ४ | चाडपर्व | ५,४९,२३,९५० | ३०.३ |
| ५ | अन्य | १,६६,०४,९१४ | ९.१ |
| | कुल खर्च | १८,२४,७१,६०० | १०० |
| प्रतिव्यक्ति औषत खर्च | | ४,५६,१७९ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका ४.१८ मा वैदेशिक रोजगारीमा जानु पछिको खर्चको अवस्थालाई खर्च क्षेत्रका आधारमा छुट्याइएको छ । वैदेशिक रोजगारीमा गए पश्चात् उपभोगमा ४२.४ प्रतिशत शिक्षामा १२.१ प्रतिशत, स्वास्थ्यमा ६.१ प्रतिशत, चाडपर्वमा ३०.३ प्रतिशत र अन्य खर्चमा ९.१ प्रतिशत रहेको पाइयो ।

वैदेशिक रोजगारीमा जानु पूर्व र पछि पनि सबै भन्दा बढी खर्च हुने क्षेत्र उपभोग पाइयो र अनय खर्चको क्षेत्रहरूमा पनि वैदेशिक रोजगारी पूर्व कम र वैदेशिक रोजागरी पछि बढी

खर्च भएको पाइयो त्यसैले त वैदेशिक रोजगारी पूर्व खर्च कूल ५२५५६१८६ थियो भने वैदेशिक रोजगारी पश्चात १८२४७१६०० मा वृद्धि भएको पाइयो ।

### õ तहगत खर्च (Level wise expenditure)

वैदेशिक रोजगारमा गएपश्चात्को व्यक्तिहरको तहगत खर्च कस्तो रहेको छ भनेर सर्वेक्षण गरिएको छ । वैदेशिक रोजगार गए पश्चात्को तहगत खर्चलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**वैदेशिक रोजगार पश्चातको तहगत खर्च-२०७५**

| क.सं. | तहगत खर्च हजारमा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००००० -२००००० | ८४ | २१ |
| २ | २००००० -३००००० | २५४ | ६३.५ |
| ३ | ३००००० -४००००० | ४४ | ११.२ |
| ४ | ४००००० -५००००० | १८ | ४.३ |
|  | जम्मा | ४०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

तालिका ४.१९ अनुसार वैदेशिक रोजगार गए पश्चात्को रु १,००,०००-२,००,००० सम्म खर्च गें ८२ जना अथवा २१ प्रतिशत, २,००,०००-३,००,००० सम्म २५४ जना वा ६३.५ प्रतिशत, ३,००,०००-४,००,००० सम्म ४४ जना वा ११.२ प्रतिशत र ४,००,००० - ५,००,००० सम्म खर्च गर्ने १८ जना वा ४.३ प्रतिशत रहेको पाइयो ।

### ४.३.८ तहको आधारमा वार्षिक बचत अवस्था (Saving on the Basics of Level)

नमुना छनौटमा परेका व्यक्तिहरूको वार्षिक आम्दानीबाट कति खर्च गरी बचत गर्न सकेका रहेछन् भन्ने कुरा स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई आधारमानि तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**क्षेत्रगतमा आधारमा वर्षिक बचत विवरण**

| क्र.स. | वार्षिक बचत (हजारमा) | वैदेशिक रोजगारीमा जानु पहिले मासिक खर्च | | वैदेशिक रोजगारीमा गए पछि मासिक खर्च | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ०–६ | ४०० | १०० | ४८ | ११.८ |
| २ | ६–१२ | – | – | १६० | ३९.८ |
| ३ | १२–१६ | – | – | १५२ | ३८.१ |
| ४ | १६–२० | – | – | ४० | १०.१ |
| जम्मा | | ४०० | १०० | ४०० | १०० |
| जम्मा वार्षिक बचत प्रतिव्यक्ति बार्षिक | | ४५८६७२ | – | – | ३४६५६००० |
| औसत बचत | | ४३२८ | | | १६३४७२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२० अनुसार वैदेशिक रोजगारी मा जानु पहिला ०-६ हजार सम्म बचत गर्ने नमुना छनौटमा परेका सबै ४०० जाने रहेका छन् । जहाँ जसमा वार्षिक बचत ४५८६७२ र प्रतिव्यक्ति औसत बचत ४३२८ रहेको पाइयो । यसरी बचत कम हुनुको कारण प्रतिव्यक्ति आयनै कम हुनु जून हात मुख जोर्न नै हुनु प्रमुख कारण रहेको पाइयो । तुलनात्मक रूपमा हेर्दा स्वदेशको आम्दानी र विदेशको आम्दानीमा धेरै नै अन्तर देखियो । वैदेशिक रोजगारमा गए पछिको जम्मा बचत ३४६५६००० र प्रतिव्यक्ति औसत बचत १६३४७२ पाइयो ।

यस अनुसन्धानमा नमुना छनौटमा परेका व्यक्तिहैका स्वदेशको आम्दानी विदेशको आम्दानी, परिवारको लागि र गरेको खर्च मात्र विश्लेषण गरिएकोले ऋणको अवस्था र परिवारका अनय सदस्यहरूको आम्दानी जस्ता कुरालाई समावेश गरिएको छैन ।

## ४.४ नमूना छनोट क्षेत्रको शैक्षिक अवस्था (Educational Condition of Sample Survey Area)

नमुना छनौटमा परेका कामदारहरूको शैक्षिक अवस्थाको सर्वेक्षण गर्दा, प्रा.वि., नि.मा.वि. र उच्च शिक्षामा विभाजन गरिएको छ । कुन तह उत्तीर्ण कतिले गरेका थिए भन्ने विवरण तलको तालिकाबाट देखाइएको छ ।

### ४.४.१ तहगत शैक्षिक अवस्था (Levelwise Education Condition)

**तालिका ४.२१**

**तहगत शैक्षिक अवस्था-२०७५**

| क्र.स. | शैक्षिक स्थिति | पुरुष | महिला | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | - | - | - | - |
| २ | प्राथमिक शिक्षा | ७२ | ८ | ८० | २०.० |
| ३ | निम्न माध्यमिक शिक्षा | २१२ | १२ | २२४ | ५६ |
| ४ | माध्यमिक शिक्षा | ५४ | - | ५४ | १३.५ |
| ५. | उच्च शिक्षा | ४२ | - | ४२ | १०.५ |
| | जम्मा | ३८० | २० | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

स्थलगत सर्वेक्षणको तथ्याङ्कलाई आधार बनाएर विश्लेषण गर्दा नमुना छनौटमा परेको वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको शैक्षिक अवस्था यसे रहेको पाइयो । निरक्षर कोहि पनि नभएको , प्राथमिक शिक्षा पूरा गर्ने पुरुष ७२ र महिला ८ जना गरी जम्मा ८० जना को २०%, निम्न माध्यमिक शिक्षा पूरा गर्ने सबैभन्दा बढी २१२ जना पुरुष र १२ जना महिलाको ५६ प्रतिशत त्यस्तै माध्यमिक शिक्षा पूरा गर्ने ५४ पुरुष को १३.५ प्रतिशत र सबै भन्दा कम उच्च शिक्षा पूरा गर्ने व्यक्तिहरू४२ जनाको १०.५ प्रतिशत पाइयो ।

### ४.४.१ निजी र सरकारी विद्यालयमा अध्ययनरत बालबालिका (Educational Condition of Government and Private School's Study)

यस अध्ययनमा नमुना छनौटमा परेको व्यक्तिहरूको स्थलगत सर्वेक्षणका आधारमा विश्लेषण गर्दा जम्मा ४०० मा वैवाहिक जीवनमा बाधिएका २५२ जना रहेका छन् । उनीहरूको बाल बालिकाको शैक्षिक अवस्था कस्तो छ ? कुन स्कुल? निजी वजा सरकारी कुन मा  अध्ययनरत छ? भन्ने कुरा तलको तथ्याङ्क तालिकामा देखाइएको छ ।

**तालिका ४.२२**

**शैक्षिक अवस्था सम्बन्धी विवरण-२०७५**

| क्र.स. | विवरण | वैदेशिक रोजगारीमा जानु पूर्व | | | वैदेशिक रोजगारीमा गए पछि | | |
|---|---|---|---|---|---|---|---|
| | | नमुना छनौटमा परेको संख्या | बाल बालिकाको संख्या | प्रतिशत | नमुना छनोटमा परेका संख्या | बालबालिकाको संख्या | प्रतिशत |
| १ | सरकारीमा जाने | १४० | १७० | ८९.४ | ८० | ७० | ४२.६ |
| ३ | निजीमा जाने | २४ | २० | १०.६ | ८४ | ९४ | ५७.४ |
| | जम्मा | १६४ | १९० | १०० | १६४ | १६४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२२ बाट प्रष्ट हुन्छ कि नमुना छनौटमा परेका विवाहितहरूको संख्या २५२ मा उनीहरूको सन्तान १६४ जना रहेको छन् । वैदेशिक रोजगारी मा जानु पूर्व आर्थिक अवस्था कमजोर हुनाका कारण जम्मा २० जना बालबालिका मात्र निजी स्कुलको गुणस्तर युक्त शिक्षा लिन पाएका छन् र अरु १७० जना ८९.४ प्रतिशत सरकारी स्कुलमानै पढेको पाइयो । वैदेशिक रोजगारीमा गए पश्चात उनीहरूका ४२.६ सरकारी र निजीमा ५७.४ प्रतिशतले शिक्षा लिन थालेको पाइयो ।

निष्कर्षमा भन्न सकिन्छ कि आर्थिक अवस्था सुधार सँगै शिक्षाको गुणस्तरमा पनि सुधार आएको पाइयो । कतिपय अभिभावक आर्थिक अवस्थामा सुधार आए पनि छोराछोरी सरकारी स्कुल मानै पढाउनुको कारण शिक्षा प्रति सकारात्म सोच नहुनु, सरकारी स्कुल पढ्नेले पनि मेहेनत गर्दा राम्रो हुन सक्छन् भने धारणा रहेको पाइयो ।

### ४.४.३ बालबालिकाहरूको तहगत शैक्षिक विवरण (Level wise Educational Condition of Children)

अध्ययन क्षेत्रको नमुना छनौटमा परेको बालबालिकाहरूको तहगत शैक्षिक अवस्थालाई स्थलगत सर्वेक्षणको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२३**

**बालबालिकाहरूको तहगत शैक्षिक विवरण, २०७५**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि | ९० | ४७.३ |
| २ | निम्न माध्यमिक विद्यालय | ६० | ३१.५ |
| ३ | माध्यमिक विद्यालय | ३० | १५.२ |
| ४ | उच्च माध्यमिक विद्यालय | १० | ५ |
| | जम्मा | १९० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२३ अनुसार वैदेशिक रोजगारीमा गएका कामदारका बालबालिकामा उनीहरू वैदेशिक रोजगारीमा जानु पूर्व र पछि पनि स्कुल नजाने बालबालिका कुनै पनि नरहेको पाइयो । त्यस्तै प्रा.वि तह पूरा गर्ने ४७.३ प्रतिशत, निमा.वि पूरा गर्ने ३१.५ प्रतिशत, मा.वि तह पूरा गर्ने १५.२ प्रतिशत र उच्च मा.वि तह पूरा गर्ने ५ प्रतिशत पाइयो ।

### ४.४.४ शिक्षा क्षेत्रमा गरिएको लगानी(Investment in Educational Sectors)

यस अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका व्यक्तिहरूको वैदेशिक रोजगारीमा जानु अघि र पछि लगानीका क्षेत्रहरूमा अन्तर आएको पाइयो । शिक्षा क्षेत्रमा लगानी गर्दा पनि धेरै अन्तर रहेको पाइयो । वैदेशिक रोजगारीमा जानु पूर्व शिक्षा क्षेत्रमा जम्मा ७.८ प्रतिशत लगानी भएको पाइयो भने वैदेशिक रोजगारीमा पश्चात् पक्षको लगानी बढेको १२.१ प्रतिशत पुगेके पाइयो ।

### ४.४.५ वैदेशिक कामदारको शिक्षामा गरिएको लगानी प्रति धारणा (Concept towards Educational Sectors of Foreign Workers)

यस अनुसन्धानमा वैदेशिक रोजगारीमा गउका कामदारहरूलाई शिक्षामा गरिएको लगानी प्रतिको आफ्नो धारणा कस्तो रहेको छ भन्ने कुराको अनुसन्धान गरी तलको तालिकमा देखाइएको छ ।

**तालिका ४.२४**

**वैदेशिक कामदारको शिक्षामा गरिएको लगानी प्रतिको धारणा, २०७५**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षाले मान प्रतिष्ठा र आर्थिक स्थितिमा सम्ब्रद्धि ल्याउँछ | १३६ | ३३.८ |
| २ | रोजगारीको अवसर प्राप्त गर्छ | २१० | ५२.५ |
| ३ | शिक्षाले विशेष प्रगती दिलाउँछ | ५४ | १३.७ |
| | जम्मा | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२४ अनुसार वैदेशिक रोजगारीमा गएका कामदारहरूको धारणा शिक्षाले मान प्रतिष्ठा र आर्थिक स्थितिमा सम्बद्धि ल्याउँछ मा ३३.८ प्रतिशत, रोजगारीको अवसर प्राप्त गर्छमा ५२.८ प्रतिशत, शिक्षाले विशेष प्रगति दिलाउँछ मा १३.७ प्रतिशत रहेको छ । यसले समाजमा शिक्षा प्रति सकारात्मक धारणा रहेको थाहा पाउन सकिन्छ ।

### ४.४.६ लगानी पश्चात शिक्षामा परेको प्रभावको विश्लेषण (Educational Empact Analysis after input )

यस अधययन वैदेशिक रोजगारी पश्चात् शिक्षा क्षेत्रमा लगानी गरेपछि शिक्षा हासिल गर्दा परिवारमा कस्तो प्रभाव पऱ्यो भन्ने अनुसन्धान लाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२५**

**लगानी पश्चात् शिक्षामा परेको प्रभाव २०७५**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारिक वौद्धिक प्रगती | १९० | ४७.४ |
| २ | कुरिती र रुढिवादी बाट मुक्त | ९८ | २४.५ |
| ३ | परिवार र प्रतिष्ठित | ७६ | १९.१ |
| ४ | खासै फरक छैन | ३६ | ९.० |
| | जम्मा | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२५ बाट वैदेशिक रोजगारी प्रश्चात् शिक्षा क्षेत्रमा गरिएको लगानीले कस्तो प्रभाव पार्‍यो भन्ने सम्बन्धमा परिवारीक बौद्धिक प्रगती हुन सक्योमा सबैभन्दा बढी ४७.४ प्रतिशत शिक्षाले कुरिती रुढिवादी बाट मुक्त दिलायोमा२४.४ प्रतिशत आफ्ना परिवार प्रतिष्ठित र समुन्नत बन्न सक्योमा १९.१ प्रतिशत र खासै फरक देखिएनमा ९ प्रतिशत रहेको पाइयो । पढेर पनि केहि प्रगती गर्न नसक्नेहरूले खासै फरक छैन जस्तै अभिव्यक्ति दिएको पाइयो अरु बाँकीको शिक्षा प्रति सकारात्मक धारणा प्रष्ट रूपमा देखियो ।

### ४.४.७ वैदेशिक रोजगारीमा जानु पर्ने कारण तथा विश्लेषण (Analysis of Causes of Foreign Employment)

नेपालमा आहिले धेरै मात्रामा युवाहरूको  बसाइ  हुन नसक्नुको कराण के होला भन्ने कुराको पनि यस शोधपत्रले अनुसन्धान गरेको छ । वैदेशिक रोजगारीमा गएको कोहि घर फर्किन पाएनन, कोहि जेलमा छन् त कोहि कामकै क्रममायातना झल्दै छन् तैपनि वैदेशिक रोजगारीको विकल्प छैन । नेपालमा विभिन्न कारणले गर्दा उद्योग घन्दा खुल्न नसक्नु र युवा वर्गलाई सिप सिकाइ कामको अवसर सरकारले सृजना गर्न नसक्नु नै दैनिक सिर्जनाशील युवा विदेशीनुको कारण सक्रिय हुन नसक्ने जनसंख्या मात्र देशमा बाँकी रहेकोले देश विकासको कुनै पनि सम्भावना नभएको देखिन्छ ।

**तालिका ४.२६**

**वैदेशिक रोजगारीमा जानुका कारणहरू २०७५**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक | २०४ | ५१ |
| २ | शैक्षिक | ७८ | १९.५ |
| ३ | पारिवारिक | ५० | १२.५ |
| ४ | सामाजिक | २६ | ६.५ |
| ५. | राजनैतिक | ४२ | १०.५ |
| | जम्मा | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२६ लाई हेर्दा वैदेशिक रोजगारीमा जानुको प्रमुख कारण आर्थिक कारवानै हो । आर्थिक समस्याको कारणले गर्दा ५१ प्रतिशत वैदेशिक रोजगारीमा गएका छन् । अर्को कारण शैक्षिक कारण हो विभिन्न कारणले गर्दा पढाई पूरा गर्न नसकी स्वदेशमा कामको अवसर नपाएर वैदेशिक रोजगारीमा जानेको संख्या १९.५ प्रतिशत रहेको छ । पारिवारिक सल्लाहमा वा परिवारका अरु सदस्य वैदेशिक रोजगारीमा गएकाले आफु पनि गएको पाइयो जुन १२.५ प्रतिशत छ । समाजमा वैदेशिक रोजगारीमा गएर आर्थिक सम्पन्नता भएको र समाजमा उनीहरूको ओहोद । राम्रो भएको देखेर वैदेशिक रोजगारीमा जानेको संख्या ६.५ प्रतिशत पाइयो । त्यस्तै विभिन्न राजनैतिक कारणले समाजमा बस्न असहज भएर वैदेशिक रोजगारीमा जानेहरू को संख्या १०.५ प्रतिशत पाइयो ।

## ४.५ वैदेशिक रोजगारीमा जानुका कारणहरू(Causes of Foreign Employment)

नेपाल एक अल्पविकसित देश हो । निर्वाहमूखि कृषि, उपयोगमा देखासिकी प्रभाव तथा चरम राजनैतिक अस्थिरता आदिको कारणले पूँजी निर्माण हुन नसकि लगानी वृद्धि हुन नसकि उद्योग व्यवसायहरू समेत फस्टाउन सकेका छैनन् जसले गर्दा श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिको तुलना या रोजगारीका अवसर ज्यादै न्यून रहेकाले आजको यूवा जमातको लागि आयआर्जनको उत्तम विकल्प वैदेशिक रोजगारी देखिन आएको छ । वैदेशिक रोजगारीमा जानुपर्ने कारण यद्यपि कति रहर त कति करले सहभागि छन् पत्ता लगाउनु यस

अध्ययनको उद्देश्य भएकाले ति कारणहरूको खोजीका लागि वैदेशिक रोजगारीमा संलग्न यूवा यूवति तिनका घर परिवारका सदस्य, समाजका सामाजिक कार्यकर्ता, राजनैतिक कार्यकर्ता, शिक्षक वृद्धिजिवी संगको मौखिक अर्न्तक्रियाबाट निम्न निष्कर्षमा पुगिएको छ ।

### ४.५.१ रोजगारीका अवसरको खोजी (To Search Job Opportunities)

हाम्रो देश विकासका संभाव्य क्षेत्रहरूको विकास हुन नसक्नाले रोजगारीका अवसरहरू प्रशस्त मात्रामा सिर्जना हुन सकिरहेका छैनन् भने सिर्जित सिभित अवसरमा समेत नातावाद, कृपावाद र घुसपैढले प्रभाव पारेको देखिन्छ । खासगरि निम्न वर्गिय परिवारका यूवायूवतिहरूलाई स्वरोजगारका लागि आवश्यक पूँजी संकलन गर्न समेत धौ धौ हुन्छ भने त्यहाँको जोखिम पनि वढि छ । त्यस्तै स्थानिय स्तरका पूँजीपतिले समेत वैदेशिक रोजगारीमा जाने अवस्थामा ऋण सहयोग गर्ने अन्यया सहयोग नगर्ने अवस्थाका कारण समेत आजको यूवापिढि वैदेशिक रोजगारीमा बढी संलग्न हुने देखिएको छ ।

### ४.५.२ शिक्षा प्रणालीमा दोष (Fault in Education System)

हालको शिक्षा प्रणाली सीपमूलक र व्यावहारिक भन्दा वढी सिद्धान्त केन्द्रित रहेको छ, फलस्वरूपश्रमवजारको भाग र उत्पादित जनशक्ति विच तालमेल आउन सकिरहेको छैन । जसले गर्दा शैक्षिक वेरोजगारी दिन प्रतिदिन वढिरहेको छ । हालको शिक्षा प्रणालीबाट उत्पादित जनशक्ति सीपविहिन हुनाले स्वरोजगार हुनुपनि सक्दैनन र स्थानिय स्तरका स-साना काम पनि गर्दैनन् फलस्वरूप आफू र आफ्नो परिवार हातमुख जोर्न सक्ने वनाउन वैदेशिक रोजगारीमा संलग्न हुन्छन् ।

### ४.५.३ निर्वाहमुखी खेती प्रणाली (Subsistence Agriculture System)

हाम्रो कृषि प्रणाली अझै पनि निर्वाह मुखी छ अर्थात् कृषिमा व्यवसायिकरण हुन सकिरहेको छैन साथै यस्तो निवार्हमुखि कृषि प्रणालीमा अर्धरोजार तथा मौसमी वेरोजगार रहेको छ । साथै श्रमिकको उत्पादकत्व शून्य प्राय छ । जसले हुने गरेको छ । यसकारण पनि आम्दानिको अन्य विकल्प खोज्दा वैदेशिक रोजगारी उपयुक्त भएको देखिन्छ ।

### ४.५.४ न्यून तलबमान(Low Level of Salary)

शिक्षामा ठूलो लगानि गरी प्राप्त हुने रोजगारीबाट प्राप्त ज्यालादर भन्दा विना शिक्षा वैदेशिक रोजगारीमा संलग्न हुँदा प्राप्त हुने तलवमान अधिक हुनु पनि वैदेशिक रोजगारीमा सहभागी हुनुको अर्को कारण हो । स्वदेशको रोजगारीबाट प्राप्त आयले सामाजिक प्रतिस्ठा कायम राख्नु गाह्रो पर्ने, आ[illegible]नो आर्थिक अवस्था, परिवारको आवश्यकता, सन्तानका शैक्षिक आवश्यकता र प्रभावकारी स्वास्थ्य सुविधाको उपभोगमा समेत असर पार्नाले मानिसहरूको वैदेशिक रोजगारी प्रतिको आकर्षण बढेको देखिन्छ ।

### ४.५.५ सूचना तथा संचारको प्रभाव (Effect of Information and Communication)

सूचना तथा सञ्चारका साधनको वढ्दो प्रयोगका कारण पनि वैदेशिक रोजगारीका अवसर कामको प्रकृत्ति, तलवस्केल सेवासूविधाको बारेमा सवै व्यक्तिहरू सू-सूचित हुन पाउछन् । त्यस्तै वैदेशिक रोजगारीमा संलग्न अन्य व्यक्तिहरूसँग वैदेशिक रोजगार एजेन्सिहरू वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरूसँगको सम्पर्क तथा समन्वय पनि सरल भएको छ । जसले गर्दा पनि मानिस वैदेशिक रोजगारीमा जान्छन् । त्यस्तै सूचना तथा सञ्चारका साधनबाट व्यक्तिहरूले आधुनिक प्रविधि, फेशन, महँगा फर्निचर, नयाँ नयाँ मोडलका घर, गाडीहरूको उपभोगको आंकाक्षा वढाएको छ र जसलाई पूरा गर्न वैदेशिक रोजगारीमा सहभागि भएको पाइएको छ ।

### ४.५.६ सामाजिक प्रतिष्ठा कायम गर्न (To Maintain Social Dignity)

आज समाजका सदस्यहरू विचको भन्दा कामको प्रतिस्पर्धा चलिरहेको देखिन्छ । चाहे त्यो उपभोगमा होस वा अन्य चाडपर्व धार्मिक कार्यक्रम, वैवाहिक कार्यक्रम वा अन्य कुनै घट्नाहरू हुन । यस प्रकार समाजका अन्य व्यक्ति सरह समान हैसियतका साथ जीवनयापन तथा भोजभतेर गरी सामाजिक प्रतिष्ठा कायम गर्न पनि वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ ।

### ४.५.७ ऋणग्रस्तताबाट मुक्ति पाउन (To Escape from Debtness)

निम्न वर्गिय घरपरिवार गरिवीको दुष्चक्रमा फसिरहेको छ । त्यो गरिवीको दुस्यक तोडेर आर्थिक उत्थान गर्नका निम्ती आ्ना आधारभत आवश्यकता पूरा गर्नको निम्ती वैदेशिक रोजगारीमा सहभागी भएको पाइएको छ ।

## ४.६ वैदेशिक रोजगारीबाट सिकेको सिप र त्यसको नेपालमा प्रयोगको विश्लेषण (Analysis Acquired Skills and its utilization in Nepal)

यस अनुसन्धानको नमुना छनोटमा परेका जनसंख्या वैदेशिक रोजगारीमा जाँदा कतिले सिप सिके र गएका थिए भने कति नसिकी गएको पाइयो । यसरी सिप सिक्नेहरूमा विद्युतीय काम गर्ने आदि रहेको पाइयो यसरी सिप  सिक्नेहरूमा डाईभर, सिकर्मी, डकर्मी, विद्युतीय काम गर्ने आदि रहेको पाइयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**विदेश जानु भन्दा पछि र पहिलाको सीपको अवस्था २०७५**

| क्र.स. | विदेश जानु पहिलाको सिप | संख्या | प्रतिशत | विदेशमा सिकेको सिप | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सिकर्मी | ५२ | १२.७ | कुक | ४२ | १०.३ |
| २ | डकर्मी | ६८ | १६.९ | वेटर | ६८ | १६.९ |
| ३ | विद्युतीय काम गर्ने | ४० | १०.० | विद्युतीय | ५० | १२.७ |
| ४ | ड्राईभर | ३८ | ९.३ | ड्राईभर | ७४ | १८.६ |
| ५. | काम नसिक्ने | २०२ | ५०.८ | सिपनसिक्ने | १६६ | ४१.५ |
| | जम्मा | ४०० | १००.० | | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२७ लागि विश्लेषण गर्दा स्वदेशमा सिपसिक्नेमा सिकर्मि १२.७ प्रतिशत , डकर्मी १६.९ प्रतिशत, विद्युतीय काम गर्ने १० प्रतिशत, ड्राईभर ९.३ प्रतिशत र काम नसिक्ने मा ५०.८ पप्रतिशत रहेको पाइयो । विदेशमा गएर सिप सिक्नेहरूमा कुक १०.३ प्रतिशत, वेटर १६.९प्रतिशत, विदुतिय काम गर्ने १२.७ प्रतिशत , ड्राईभर १८.६ प्रतिशत र सिप नसिक्ने

४१.५ प्रतिशत पाइयो । नेपालमा कामगरी त्यहाँ पनि त्यही काम गर्नेले भने काममा अझै बढी दक्षता हासिल गर्न सकेको पाइयो ।

## ४.७ विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगर्नुको कारण (Causes not utilization of Acquired skills in Nepal)

यस सर्वेक्षणको क्रममा विदेशमा सिकेको सिप नेपालमा आएर उपयोगमा ल्याइएको पाइएन । जुन सिप नेपालबाट नै सिकेर गएका थिए त्यही सिपनै फेरि नेपालमा अपनाईएको पाइयो ।

**तालिका ४.२८**

**विदेशमा सिकेको सिप नेपालमा प्रयोग नगर्नुको कारण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काम गर्ने उपयुक्त ठाउँ नपाउनु, | ६२ | १५.५ |
| २ | काम अनुसारको तलब नपाउनु | १७४ | ४३.५ |
| ३ | कुनै सिप नै नभएर | १६४ | ४१ |
| | जम्मा | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

जस्तो सुकैकम तलब भए पनि नेपालको तुलनामा विदेशको तलब आलि बढी नै हुने कारणले नै नेपाली विदेशीन थालेका हुन् । त्यही डकर्मीले यहाँ कम तलब हुन्थ्यो भने उत्रा त्यही पेशा अगाल्दानि उताको कमाई बढी हुन जान्छ ।

नेपालमा आफ्नो सिप प्रयोग नगर्नुको कारण अनुसन्धान गर्दा काम गर्ने उपयुर्क्त ठाउँ नपाउनुमा १५.५ प्रतिशत, काम अनुसारको तलब नहुनुमा ४३.५ प्रतिशत, कुनै सिपनै सिकेर नआएकोमा ४१ प्रतिशत रहेको पाइयो । यसरी विभिन्न कारणले गर्दा नेपालमा फेरि स्थापित हुनु नसकी पटक पटक विदेशनै गएको पाइयो ।

## ४.८ वैदेशिक रोजगारीमा सुरक्षात्मक स्थिति (Security of Foreign Employment)

यस अनुसन्धानको नमुना छनोटमा परेका व्यक्तिहरू सँग विभिन्न छलफल र प्रश्न उत्तर गर्दा उनीहह्रुको सुरक्षात्मक स्थितिको बारेमा  विश्लेषण गरिएको थियो जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२९**

**कामदारहरूको सुरक्षाहरू स्थिति २०७५**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जिवन विमा | २०२ | ५०.५ |
| २ | औषधी उपचार | १४२ | ३५.५ |
| ३ | विदा तलब | ५६ | १४ |
| | जम्मा | ४०० | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.२९ अनुसार वैदेशिक रोजगारीमा गएका कामदारहरूको सुरक्षात्मक स्थिति पनि तयति राम्रो देखिएन । माथिको तिनओटै सुविधा पाउनु पर्ने मा जीवन विमा ५०.५ प्रतिशतले, औषधी उपचार ३५.५ प्रतिशतले र बिदा बस्दाको तलब पाउने जम्मा १४ प्रतिशत मात्र छन् । यसबाट प्रष्ट हुन्छ कि सबै कुराहरूको सुरक्षात्म स्थिति पनि नाजुक नै छ ।

## ४.९ वैदेशिक रोजगारीमा देखा परेका समस्याहरू(Probelm of Foreign Employment)

जुनसुकै कुराको पनि रामो र नरामो पक्षहरू अवश्य पनि रहेको छ । नराम्रो पक्षलाई पहिचान गरी त्यसको समस्या समाधान गरी अगाडि बढ्न सकेमा त्यसबाट पनि फाइदा हुनसक्छ । वैदेशिक रोजगारीमा पनि विभिन्न समस्या र चुनौतीहरू रहेका छन् । यी समस्याहरू लाई केही हदसम्म भएपनि समाधान गरिएमा वैदेशिक रोजगारीमा डरको भावलाई हटाइ निश्चिन्त भएर जान सकिने कामदारहरूले बताए । वैदेशिक रोजगारीका समस्याहरू निम्न रहेको अध्ययन बाट पत्ता लाग्यो ।

## १. म्यानपावर र दलालको दु:ख दिनु (Hurdle by man power and agents)

नमुना छनौटमा परेका व्यक्तिहरूलाई तपाईलाई वैदेशिक रोजगारीको शिलशिलामा दलाल र म्यानपावरले सहयोग गरे गरेनन् भन्ने प्रश्नमा उनीहरूको उत्तर, यस्तो थियो। वैदेशिक रोजगारीको सिलसिलामा पहिलो ठग्ने दलाल रह्यो उसले लाग्ने भन्दा दोब्बर पैसा उठायो, त्यस्तै  म्यान पावरले पनि नेपाल सरकारले तोकेको रकम भन्दा ज्यादै धेरै लिने गरेको एउटा काम भनी अर्को काममा पठाएको जस्ता  धेरै समस्याहरू आइपरेको पाइयो ।

## २. श्रमशोषण (Labour Exptation)

वैदेशिक रोजगारीमा गएका व्यक्तिहरू मध्य ५० प्रतिशतले कामगरे अनुसारको तलब नपाएको स्थलगत सर्वेक्षण बाट पत्ता लाग्यो । काम ८ घण्टा देखि १३ घण्टा सम्म गर्नुपर्ने तर तलब काम गरे अनुसारको नदिने, समयमा नदिने, उक्त देशको नागरिक र आफूमा समान काममा पनि समान व्यवहार र ज्याला नपाइएको जस्ता समस्याहरू रहेको सर्वेक्षणबाट पत्ता लगाइयो ।

## ३. शारीरिक शोषण (Physical Exploitation)

नमुना छनौटमा परेको व्यक्तिहरूलाई सोधिएको प्रश्नमा उनीहरूको जवाफमा, वैदेशिक रोजगारीमा खाडी मुलुकमा महिला कामदारहरूले भोग्नु परेको प्रमुख समस्या भनेको नै शारीरिक शोषण रहेको पाइयो । उनीहरू कार्यस्थल समकक्षी पुरुष कामदार बाट र घरमा काम गर्दा घर मालिकबाट बढी मात्रामा शारीरिक शोषण हुने गरेको सर्वेक्षणबाट पत्ता लाग्यो ।

## ४. कार्य गर्दा जोखिम सम्बन्धी समस्या (Problem of risk at working period)

विदेशमा काम गर्दा धेरै जोखिम हुने क्षेत्र भनेको कलकारखानामा, निर्माण क्षेत्रमा विद्युतीय कार्य गर्दा विशेष सावधानी अपनाउनु पर्ने र सानो गल्तिले पनि आफ्नो ज्यान जान सक्ने अङ्ग भङ्ग हुन सक्ने भएकोले सावधानका साथ काम गनुपर्ने सहभागीहरूले बताए ।

## ४.१० प्राप्तिको सारांश (Summary of the Finding)

यस अध्ययनम वैदेशिक रोजगारीको अवस्थाको वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा परेको प्रभाव, वैदेशिक रोजगारीका समस्याहरू वैदेशिक रोजगारीमा जानुपर्ने कारण जस्ता कुरालाई तथ्याङ्कीय आधारमा र त्यसलाई व्याख्या गरी स्पष्ट पार्न खोजिएको छ । जसलाई स्पष्ट पार्न तथ्य परक तथ्याङ्क र सूचना समावेश गरिएको छ । यस अध्ययनमा अनुसन्धानको विश्लेषणको आधारमा पत्ता लगाइएको कुराहरूलाई प्राप्तीको सारांशलाई निम्नानुसार प्रस्तुत गरिएको छ । यो अध्ययन उद्देश्यमूलक नमुना छनौटको आधारमा गरिएको छ । मिक्लाजुङ गा.पा.वडा नं. ८ बाट २०६८ साल देखि २०७४ साल सम्म वैदेशिक रोजगारीमा गएका राष्ट्रहरू बाट ४ वटा राष्ट्रहरूUAE , मलेसिया, कतार र दुवई गएका १०८२ जनाबाट ३७प्रतिशतलाई नमुना छनौट गरी जम्मा ४०० जनालाई अनुसन्धान गरिएको छ । यस शोधको सारांश लाई निम्नानुासर प्रस्तुत गरिएको छ ।

वैदेशिक रोजगारीमा जानुपर्ने कारण, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको आर्थिक अवस्थाको विश्लेषण गर्नु, उनीहरूको परिवारका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्नु, वैदेशिक रोजगारीमा देखा पर्ने समस्याहरू पत्ता लगाउनु र समाधानका उपायहरूको खोजी गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

- यस शोध पत्रको अध्ययन एकमा वैदेशिक रोजगारीको अध्ययनको उद्देश्य, अध्ययनका सिमाहरू आदि समावेश गरिएको छ ।
- यो अनुसन्धान वर्णानात्मक अनुसन्धान हो । यसमा वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक विधि अपनाइएको छ । यो अध्ययन नमुना छनोट विधिको आधारमा स्थलगत सर्वेक्षणमा आधारित छ । तथ्याङ्क संकलनका साधनहरू अर्न्तवार्ता प्रश्नावली प्राथमिक स्रोत हुने भने वैदेशिक रोजगार विभाग, तथ्याङ्क कार्यलय, गा.पा., जि.नि.स. पत्र पत्रिका लेख आदि द्धितीय तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् ।
- नमुना छनौट गर्दा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरू मध्य ३८० जना पुरुष र २० जना महिला गरी जम्मा ४०० जनालाई लिइएको छ ।
- सहभागी कामदारहरूको परिवार संख्या ४४७ जना जसमा पुरुषको संख्या २०८ जना र महिलाको संख्या २३९ जना रहेको पाइयो ।

- वैदेशिक रोजगारीमा जानेमा सबैभन्दा बढी २६-३५ वर्षका व्यक्तिहरू ३८.१३ प्रतिशत र सबेभन्दा कम ४०-४९ वर्षका ११.८६ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जाने सबै भन्दा बढी जनजाति ३५.८ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको शैक्षिक स्तर सबैभन्दा बढी निम्न माध्यमिक शिक्षा पूरा गरेका ५५.९ प्रतिशत र सबैक भन्दा कम उच्च शिक्षा पूरा गरेका १०.१ प्रतिशत पाइयो ।
- सहभागी कामदारहरूले वैदेशिक रोजगारीमा जानुपूर्व कृषि, व्यापार, जागिर, उद्यम जसता कार्य गरी कूल औसत वार्षिक आम्दानी रु ९६०५५ पाइयो । पश्चात् होटल, करकारखाना, घरेलु क्षेत्र र निर्माण क्षेत्रमा कार्य गरी कूल औसत वार्षिक आम्दानी रु ३९९००० रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा जानुपूर्व कामदारहरूले स्वदेशमा कृषिबाट ४६.८ प्रतिशत, व्यापारबाट २१.१ प्रतिशत, स्वदेशी रोजगारीबाट १६.१ प्रतिशत र घरेलु उद्योगबाट १६प्रतिशत आम्दानी गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा गए पछि कामदारहरूको वार्षिक कृषिबाट ३.२८ प्रतिशत, व्यापार व्यवसायबाट १०.०३ प्रतिशत, स्वदेशी रोजगारीबाट ४.४४ प्रतिशत, घरेलु उद्योगबाट२.०६ प्रतिशत र वैदेशीक रोजगारीबाट ८०.२० प्रतिशत आम्दानी गरेको पाइयो ।
- सहभागी कामदारहरू वैदेशिक रोजगारीमा जानु पूर्व वार्षिक हजार ०-६० सम्म आम्दानी गर्ने ३८.३ प्रतिशत, ६०-१०० हजार सम्म आम्दानी गर्ने २८.८ प्रतिशत, १००-१५० हजार सम्म आम्दानी गर्ने १४.४ प्रतिशत रहेको पाइयो ।
- नमुना छनौट परेका व्यक्तिहरूको वैदेशिक रोजगारीमा जानुपूर्व उपभोगमा ६२.३ प्रतिशत, शिक्षामा ७.८ प्रतिशत, स्वास्थ्यमा ७.८ प्रतिशत, चाडपर्वमा ६.६ प्रतिशत र अन्यमा १५.६ प्रतिशत खर्च गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा गएपछि उनीहरूको उपभोगमा ४२.४ प्रतिशत, शिक्षामा १२.१ प्रतिशत, स्वास्थ्यमा ६.१ प्रतिशत, चाडपर्वमा ३०.३ प्रतिशत र अन्य क्षेत्रमा ९.१ प्रतिशत खर्च गर्ने गरेको पाइयो ।

- वैदेशिक रोजगारीमा जानुपूर्वको वार्षिक कुल खर्च रु ५२५५६१८६ र वैदेशिक रोजगारीमा गएपछि वार्षिक कूल खर्च रु १८२४७१६०० रहेको पाइयो ।
- सहभागी कामदार मध्य आम्दानीको १०० देखि १४० हजार खर्च गर्ने ३०.५ प्रतिशत,१४०-१८० हजार खर्च गर्ने २७.१ प्रतिशत, १८०-२१० हजार खर्च गर्ने २५.४ प्रतिशत, २१० देखि २५० हजार सम्म खर्च गर्ने १० प्रतिशत र २५० हजार भन्दा माथि खर्च गर्ने ६.७ प्रतिशत खर्च भएको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरूमध्य वैदेशिक रोजगारीमा गए पश्चात् मासिक वचत अन्तर्गत ०-६ हजार सम्म बचत गर्ने ११.८ प्रतिशत, ६ देखि १२ हजार सम्म बचत गर्ने ३९.८ प्रतिशत, १२-१६ हजार सम्म बचत गर्ने ३८.१ प्रतिशत १६-२० हजार सम्म जम्मा गर्ने १०.१ प्रतिशत रहेको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरूको बालबालिका वैदेशिक रोजगारीमा जानु पूर्व सरकारी विद्यालय जाने ८९.४ प्रतिशत र निजी विद्यालय जाने १०.६ प्रतिशत थियो भने वैदेशिक रोजगारी पश्चात सरकारी विद्यालय जाने ४२.६ प्रतिशत र निजी विद्यालय जाने ५७.४ प्रतिशत रहेको पाइयो ।
- नमुना छनौटमा परेका व्यक्तिहरू वैदेशिक रोजगारीमा जानुको कारण आर्थिक कारणमा ५०.८ प्रतिशत, शैक्षिक कारणले १९.४ प्रतिशत, पारिवारिक कारण १२.७ प्रतिशत, सामाजिक कारण ६.७ प्रतिशत, राजनैतिक कारणमा १०.४ प्रतिशत पाइयो ।
- विदेशमा रहँदा कामदारको सुरक्षात्मक स्थिति अन्तर्गत जिवन विमा गर्ने ५०.८ प्रतिशत, औषधि उपचारको सुविधा पाउने ३५.५ प्रतिशत र बिदा तलब १३.७ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारीमा देखिने समस्याहरूमा मेनवावर र दलालले दुःख दिनु, श्रम शोषण शारीरिक शोषण, कार्य गर्दा आफ्नो शरीरको जोखिम जस्ता समस्याहरू देखियो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५ निष्कर्ष र सुझाव (Conclusion and Recommendation)

वैदेशिक रोजगारिले शैक्षिक तथा आर्थिक क्षेत्रमा पुऱ्याएको प्रभावको यो एक क्षेत्रगत अध्ययन हो । यसका विभिन्न सकारात्मक र नकारात्मक प्रभावहरू रहेका छन् । यस अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावहरूलाई तल प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको मुख्य उद्देश्य वैदेशिक रोजगारीका लागि खाडी राष्ट्र गएका यूवाहरूको आर्थिक तथा शैक्षिक स्तर पहिचान गरिएको छ । वैदेशिक राजगारीमा जानुपर्ने कराणहरू पत्ता लगाउने काम गरेको छ र यो अध्ययनले वैदेशिक रोजगारीको अवसथा कस्तो छ भन्ने प्रष्ट पारेको छ ।

- २०६८ सालदेखि २०७४ सालसम्ममा ४ खाडी मुलक गएको पाइयो यसले यस गा.पा. को वैदेशिक रोजगारीको अवस्थालाई देखाइएको छ ।
- १८ वर्ष देखि ४९ वर्ष सम्मका महिला तथा पुरुष कामदारहरू विदेशिएको पाइयो ।
- कामदारहरूले वैदेशिक रोजगारीमा जाँदा अघिकांश कामदारहरू सीप बिना नै जाने सिप भएकाहरूले पनि नेपालमा जानेको सिप र विदेशको कामको प्रवृत्तिको तालमेल नहुँदा सिप बिहिन जस्तै हुनु जसको कारणले गर्दा कम मात्रमा तलब पाउने जस्ता समस्याहरू र कठिनाईहरू भएको पाइयो ।
- कामदारहरूको वैदेशिक रोजगारीमा जानु पूर्व र पछि खर्चका क्षेत्रहरू भनेको उपभोग, शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा रहेको पाइयो तर खर्च गर्ने प्रवृत्ति भने पहिलाको भन्दा पछिको बढी रहेको पाइयो ।
- वैदेशिक रोजगारीको वर्तमान अवस्थालाई हेर्दा हाल सम्म ११० वटा मुलुक वैदेशिक रोजगारीका लागि खुला गरिएको छ ।

- वैदेशिक रोजगारीकोबाट नेपाली कामदारहरूको आर्थिक तथा शैक्षिक स्थितीमा सुधार आएको देखिन्छ । जसले गर्दा उनीहरूको बालबालिकाको शिक्षाको पहुँचमा पनि सुधार र वृद्धि भएको देखिन्छ ।
- वैदेशिक रोजगारीबाट नेपाली कामदारले सिप र क्षमताको विकास भए पनि विभिन्न कारणले उक्त सीप र क्षमता नेपालमा प्रयोग नभएको पाइयो ।
- धेरै नेपालीहरू वैदेशिक रोजगारीको क्रममा ठगिने, भनेको काम र ज्याला नपाउने र महिला कामदारहरू शारीरिक शोषणमा पर्ने गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको शैक्षिक अवस्थालाई हेर्दा प्राथमिक शिक्षा पुरा गर्ने २० प्रतिशत, निम्नमाध्यमिक तह पूरा गर्ने ५५.९ प्रतिशत, माध्यमिक तह पूरा गर्ने १३.५ प्रतिशत उच्च शिक्षा पढेका १०.१ प्रतिशत रहेको पाइयो ।
- वैदेशिक रोजगारी प्रश्चात व्यवसायिक शिक्षा प्रति सकारात्मक सोचको विकास भएको पाइयो ।
- वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरूमा आर्थिक अवस्था कमजोर हुनु, राजनैतिक कारणले देशमा बस्ने वातावरण नहुनु परिवारको आर्थिक तथा शैक्षिक स्तरमा सुधार गर्नु, सामाजिक कारणमा समाजमा देखासिकीको प्रविति बढ्नु जस्ता कारणहर रहेको पाइयो ।
- वैदेशिक रोजगारीले राष्ट्रमा सकारात्मक र नकारात्मक दुवै असर पारेको पाइयो ।

## ५.२ सुझावहरू(Recommendation)

नेपालमा वैदेशिक रोजगारीको अवस्थालाई हेर्दा विदेशीले क्रम तिब्र रूपमा बढेको त छ तै पनि यस भित्र थुप्रै समस्याहरू रहेका छन् । उक्त क्षेत्रको अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्क र सुचनाको आधारमा भन्न सकिन्छ कि यस क्षेत्रमा देखिएका विभिन्न समस्याहरूलाई नीति तथा कार्यक्रम ल्याई सरकारी स्तरबाट नै पहल गरी समाधान गर्नु पर्दछ ।

- वैदेशिक रोजगारीमा जानु पूर्व आफूले जाने देश र संस्था अनुकुलको सिप सिकेपछि मात्र जाने,
- दुःखले वैदेशिक रोजगारीबाट प्राप्त गरेको आयलाई उपभोग वस्तु र चाडपर्वमा मात्र खर्च नगरी जोगाएर उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।
- आफ्ना बालबालिकालाई सरकारीबाट निकालेर निजी विद्यालयमा पठाउँदैमा मात्र शिक्षाको गुणस्तरमा वृद्धि नहुने हुँदा परिवारमा पनि पढ्नको लागि उपयुक्त वातावरण तयार गर्ने ।
- वैदेशिक रोजगारीमा जाने क्रममा नेपाल देखिनै ठगिने लुटिने विभिन्न समस्यामा र कठिनाईमा अल्झिनुपर्ने समस्याको समाधानका निम्ती श्रम सम्झौता भएका देशमा नेपालीको समस्या समाधान र उद्धारको लागि पर्याप्त मात्रामा नियोगहरू खोलिनु पर्ने र तत्काल समस्या समाधान गरी उद्धार गर्नुपर्ने ।
- नेपाल सरकारले पनि वैदेशिक रोजगारीका सम्बन्धमा ल्याइएकाहरूलाई नीति ल्याई कार्यान्वयनमा विशेष जोड दिनुपर्ने ।
- म्यानपावर कम्पनीहरूले वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई गर्नुपर्ने काम, तलब सुविधा, ओभरटाइम सुविधा र अन्य सुविधाहरू नढाटी स्पष्टसँग अवगत गराउनु पर्दछ ।
- वैदेशिक रोजगार विभागले सम्बन्धित देश र कामको प्रवृत्ति अनुसार कुन काममा कुन देशमा जाँदा पनि पैसा तिर्नु पर्ने हो स्पष्ट किटान गरिदिनु पर्दछ ।
- नेपाल सरकारले नेपाली कामदार पठाउने देशमा अनिवार्य रूपमा राजदुतावास खोल्नु पर्दछ र खोलिएका राजदुतावासलाई पनि सक्रिय बनाउनु पर्दछ ।
- कामदारहरूलाई अंग अगंको क्षतिपूर्ति जीवनविमा जस्ता पक्षहरूमा राम्रो सुविधा दिनु पर्दछ ।

- वैदेशिक रोजगारी बाट प्राप्त आम्दानीलाई विभिन्न उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु पर्दछ ।
- कृषिमा आधुनिकीकरण गरी रोजगारीको वातावरण देशमा नै सृजना गरी वैदेशिक रोजगारीको विकल्प खोजिनु पर्दछ ।

यसरी वैदेशिक रोजगारीमा देखा गरेका समस्याहरू समाधान गर्न माथिका कुराहरू मात्र पर्याप्त नहुने हुँदा अनुभवी व्यक्तिहरू, बुद्धिजीविहरू कानुनविद्हरू आदिसँग परामर्श गरी अझ बढी अनुसन्धान गर्न जरुरी देखिन्छ ।

# सन्दर्भसूची (References)


केन्द्रीय तथ्याङ्क विभाग (२०६९), *राष्ट्रिय जनगणना२०६८ संक्षिप्त नतिजा,* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग. (२०६८),*राष्ट्रिय जनगणना २०६८,* काठमाडौं : केन्द्रीइ तथ्याङ्क विभाग ।

जिल्ला समन्वयन समिति (२०७५),*वार्षिक जिल्ला विकास योजना आर्थिक वर्ष २०७५/७६,* सूचना तथा अभिलेख केन्द्र, पाँचथर

तथ्याङ्क कार्यालय (२०७१),*नेपालमा वैदेशिक रोजगारीको संक्षिप्त अवलोकन,*काठमाडौं नेपाल राष्ट्र बैङ्क

नेपाल राष्ट्र बैङ्क (२०६२), *अनुसन्धान विभागले गरेको अध्ययनहरूको संगालो,* काठमाडौं : वर्ल्ड भिजन अनामनगर ।

नेपाल र मेश्वर (२०७०),*वैदेशिक रोजगारीका अवस्था र चुनौतीहरू,* काठमाडौं : पैखी प्रकाशन ।

पण्डित, सूर्य कुमार (२०५७),*नेपालमा वैदेशिक रोजगार,*काठमाडौं : वैदेशिक पत्रकार संघ ताहाचला

पोखरेल, नारायण दत्त (२०६७),*वैदेशिक रोजगारीले पारेको प्रभाव पाँचवटा जिल्लाको अध्ययन,* अप्रकाशित शोधपत्र समाज शास्त्र केन्द्रीय विभाग कीर्तिपुर ।

पोखरेल, राजिव (२०५७),*वैदेशिक रोजगारीको एक अध्ययन,* काठमाडौं : साग्रीला प्रकाशन,

भुसाल भोजराज र ओझा मोहनकृष्ण (२०७०),*नायवसुब्बा प्रतियोगिता,* काठमाडौं : सञ्जीवनी प्रज्ञान प्रकाशन प्रा.लि

राष्ट्रिय योजना आयोग (२०६४),*दशौं पञ्चवर्षीय योजना (२०५९-०६४),* काठमाडौं . राष्ट्रिय योजना आयोग ।

रेग्मी, धान्यप्रसाद (२०६९),*वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र केन्द्रीय विभाग अर्थशास्त्र विभाग कीर्तिपुर ।

रेग्मी, हेमराज (२०६४),*लेवर स्टाटिस्कि,*काठमाडौंश्री ५ को सरकार तथ्याङ्क विभाग ।

लम्साल मनोज (२०७१),*शिक्षा रोजगारी र वैदेशिक रोजगारी,* काठमाडौं वोटर्न प्रकाशन ।

वैदेशिक रोजगार विभाग (२०६८),*वार्षिक प्रतिवेदन (२०६८/६९),* काठमाडौं : वैदेशिक रोजगार विभाग ।

शर्मा, चिन्तन, (२०६६),*नेपालको रेमिटेन्स,* काठमाडौं : कपीराइट प्रकाशन ।

सिटौला लक्ष्मण (२०६८),*वैदेशिक रोजगार अभिमुखीकरण,* काठमाडौं : आर.डी.एन. प्रकाशन ।

श्रम मन्त्रालय (२०६८),*वैदेशिक रोजगारीका विविध पक्षहरू,* काठमाडौं : श्रम मन्त्रालय ।

श्रम मन्त्रालय (२०६८),*श्रम तथा रोजगार अर्धवार्षिक पत्रिका वर्ष ४ अंक १,* काठमाडौं : नेपाल सरकार ।

ज्ञावाली भाष्कर (२०६८),*नेपालमा रेमिटेन्स् बढ्दो छ,* काठमाडौं : भिजन नेपाल पब्लिकेशन ।

# अनुसुचि १

## वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारका अभिभावकका लागी प्रश्नावली

जिल्ला : पाँचथर गा.पा. : वडा नं...............

नाम थर ........................ लिङ्ग ................

उमेर ......................... धर्म ................

वैवाहिक स्थिती :........................... जात ..............

शिक्षा ............................ परिवारको संख्या ...........

पेशा ............................ भाषा ........................

परिवारको सदस्य वैदेशिक रोजगारीमा गएको देश ................................

१. वैदेशिक रोजगारमा संलग्न सदस्य तपाइको के नाता पर्नु हुन्छ ?

क. छोरा ख. छोरी ग. श्रीमान घ. श्रीमती

२. तपाईको परिवारको सदस्य विदेश जानु पुर्व तपाईहरु के पेशा ⁄व्यवसाय संचालन हुनुहुन्थ्यो ?

क. कृषि ख. ब्यापार

ग. जागिर घ. अन्य..........

३. तपाईहरुले उक्त व्यवसाय गर्दा गर्दै किन वैदेसिक रोजगारीमा पठाउने निर्णय गर्नु भयो ?

क. थोरै आम्दानी ख. वेरोजगारी

ग. अन्य भए.......................

४. वैदेशिक रोजगारीमा जानु अघि तपाईको आम्दानी कति थियो?

क. मासिक ५-१० हजार ख. मासिक १०-१५ हजार

ग.मासिक १५-२० हजार घ. मासिक २० हजार देखि माथि

५. विदेश जानु पूर्व तपाईहरुको आर्थिक तथा शैक्षिक अवस्था कस्तो छ ?

क. राम्रो ख. ठिकै

ग. नराम्रो घ. अन्य भए...................

६. वैदेशिक रोजगारीमा जानु भन्दा पहिले हने मासिक खर्च :

| शीर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| खाद्यान्न | | |
| लत्ताकपडा | | |
| औषधि उपचार | | |
| चाडपर्व | | |
| मल विउ | | |
| जम्मा | | |

७. वैदेशिक रोजगारीमा जानु पुर्व तपाईको छोराछोरी कुन विद्यालय पढाउनुहुन्थ्यो ?

क. सरकारी ख. निजी

८. तपाईले किन निजी विद्ययालय अध्ययन गराउनु भयो ?

क. अरुका छोराछोरी निजी विद्यलयमा पढ्न गएको देखेर

ख. निजी विद्यालयको पठनपाठन रामौ नभएर

ग. अन्य भएर........................

९. तपाईले किन सरकरी विद्यालय अध्ययन गराउनु भयो ?

क. आर्थिक अवस्था कमजोर भएर

ख. सरकारी विद्यालय पठनपाठन राम्रो नभएर

ग. अन्य भएर ...........

१०. वैदेशिक रोजगारीमा गए पछि तपाइको आम्दानी कति भयो ?

क. मासिक २०-३० हजार ख. मासिक ३०-४० हजार

ग. मासिक ४०-५० हजार घ मासिक ५० हजार देखि माथि

११ वैदेशिक रोजगारमा गए पछि मासिक खर्च :

| शिर्षक | रकम | प्रतिशत |
|---|---|---|
| शिक्षा | | |
| खाद्यन्न | | |
| लत्ताकपडा | | |
| औषधी उपचार | | |
| चाडपर्व | | |
| मल विउ | | |
| घरको पुन निर्माण | | |

१२. विदेशवाट पठाएको रकमवाट घर खर्च चल्छ कि चल्दैन ?

क. ठिक्क हुन्छ ख. वचत हुन्छ ग. पर्ग्दैन

१३. तपाईले प्राप्त गरेको आम्दानीलाई मासिक कति वचत गर्नुहन्छ ?

क. ५-१० हजार ख. १०-१५ हजार

ग. १५-२० हजार घ. २५-३० हजार

१४. वचत रकमलाई के मा लगाउनु भएको छ ?

क. बैंकमा राखेको छु ख. ब्यवसायमा लगानी गरेको छु

ग. व्यत्तिलाई दिउको छु घ. अन्य.................

१५. विदेशबाट घरमा कति कति समयमा पैसा पठाउनु हुन्छ ?

क. मासिक रुपमा ख. २ महिनामा ग. ३ महिना घ. ६ महिना

१६. तपाईको आफन्त वैदेशिक रोजगारीमा गएपछि तपाईहरुको आर्थिक अवस्था मजबुत भएको हो ?

क. हो ख. होईन

१७. हो भने तपाईहरुको के गरी आर्थिक अजस्था मजवुद बनाउनु भयो ?

..................................................................................................

१८. तपाईको आफन्त वैदेशिक रोजगारीमा गएपछि तपाईका बालबालिका कस्तो विद्यालयमा अध्ययन गर्दछ ?

क. सरकारी ख. निजी

१९. तपाएईले निजि विद्ययालमा नै किन अध्यापन गराउनु भएको हो?

क. पठनपाठन राम्रो भएर ख. आम्दानी स्तर राम्रो भएर

ग. अरुको छोराछोरी निजी विद्ययालयमा गएको देखर घ. अन्य भए....

२० तपाईको सदस्य विदेश गएपछि तपाईले शिक्षा क्षेत्रमा कति खर्च गनु हुन्छ ?

क. ५-१०% ख.१०-१५% ग. १५-२०% घ.२०-२५%

२१. विप्रषणलाई कुन कुन क्षेत्रमा लगानी गनु भएको छ ?

क. ...........................

ख. ...........................

ग. ...........................

घ. ...........................

२२. विप्रषण लगानीबाट अवसर आम्दानी कति हुन्छ ?

क. रु........................................

ख. रु .......................................

२३. विप्रेषण लगानी बाट आम्दानी कति हुन्छ ?

क. रु ४०,००० रु ८०००० सम्म

ख. रु ८०००० रु १००००० सम्म

ग. रु १००००० रु १२०००० सम्म

२४. विदश जानु अघि र विदेश गएपछिको शिक्षामा के अन्तर आयो ?

.........................................................................................

२५. विदेश जानु अघि र विदेश गएपछि उपभोगमा के अन्तर छ ?

..........................................................................................

२६. वैदेशिक रोजगारमा पठाउँदा कति खर्च गनु भउको छ ?

क. रु ३०,०००-५०,०००   ख. रु ५०,०००-७०,०००

ग. ७०,०००-१,००,०००   घ. रु १,००,००० भन्दा माथी

२७. उक्त खर्च कसरी व्यपस्था गर्नु भयो ?

क. ऋण   ख. सापटी   ग. जग्गा विकी   घ. वचत बाट

२८. तपाईहरुको आर्थीक तथा शैक्षिक अवस्था मजवुद वनाउने प्रमुख माध्यम नै वैदेशिक रोजगारी हो ?

क. हो   ख. होइन

२९. हो भने वैदेशिक रोजगारलि तपाइको आर्थिक तथा शैक्षिक अवस्थालाई कसरी मजवुत बनायो ?

..........................................................................................

३०. तपाईको आफन्त विदेश जादा कुनै समस्या पऱ्यो वा परेन ?

क. पऱ्यो   ख. परेन

३१ तपाईलाई विदेश जानु पूर्व कस्तो प्रकारको समस्या आईपऱ्यो ?

..........................................................................................

३२. तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा गईसकेपछि कुनै समस्या पर्‍यो कि परेन ?

क. पऱ्यो   ख. परेन

३३. कस्तो प्रकारको समस्या आई परेको थियो ?

..........................................................................................

३४. वर्तमान समयमा तपाईहरुको आथिक, पारिवारीक र शैक्षिक पृष्ठभूमि कस्तो छ ?

क. राम्रो          ख. नराम्रो

३५. राम्रो पृष्ठभूमि के छ ?

..........................................................................................

३६. राम्रो पृष्ठभूमी हुनुको मुख्य कारण के हो ?

..........................................................................................

३७. नराम्रो पृष्ठभूमि के छ ?

..........................................................................................

३८. तपाईले अफ्नो आर्थिक, पारिवारीक र शैक्षिक पृष्ठभूमीलाई बनाउन नसक्नुको कारण के हो ?

..........................................................................................

..........................................................................................

३९. वैदेशिक रोजगारीमा नजानु भएको भए तपाईहरुको आर्थिक तथा शैक्षिक पृष्ठभूमी कस्तो हुन्यो होला ?

..........................................................................................

..........................................................................................

## अनुसुचि २

## वैदेशिक रोजगारीमा समावेश भई हाल फर्किएका व्यक्तिहरुका लागि प्रश्नावलि

**(क) व्यक्तिगत विवरण :**

जिल्ला : पाँचथरगा.पा. : वडा नं.....................

नाम थर .................................... लिङ्ग : ...........

उमेर..............................

धर्म................................

वैवाहिकस्थिती............................

जात.................................

शिक्षा......................... परिवारको संख्या................

पेशा.........................

भाषा..................

वैदेशिक रोजगारीमा गएको देश .............................

वैदेशिक रोजगारीमा काम गरेको वर्ष..........................

**(ख) पारिवारीक विवरण :**

अ. एकल आ. संयुक्त

२. तपाईको परिवारको विवरण उल्लेख गर्नु होस् ।

| क्र. सं. | नाम | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

३. तपाईको परिवारको मुख्य पेशा के हो ?

क. कृषि ख. व्यापार ग. वैदेशिक रोजगार

घ. अन्य भए....................

४. वैदेशिक रोजगारी भन्दा बाहेक अन्य आम्दानीको स्रोत छ ?

क. छ ख. छैन

६. छ भने उल्लेख गर्नुहोस.......................................

**(ग) वैदेशिक रोजगारीमा जानु अघि र पछिको अवस्था**

१. वैदेशिक रोजगारीमा जानु भन्दा अगाडी तपाईले के पेशा /व्यवसाय संचालन गर्नुहुन्यो ?

क. खेती ख. व्यापार

ग. जागिर घ. अन्य भए उल्लेख गर्ने.......................

२. तपाईले उक्त व्यवसाय संचालन गर्दा गर्दै किन विदेश जानु भएको हो ?

..........................................................................................

३. वैदेशिक रोजगारमा जानु अघि तपाईको आम्दानी कति थियो ?

क. मासिक ५-१० हजार ख. मासिक १०-१५ हजार

ग. मासिक १५-२० हजार ग. मासिक २० हजार देखि माथि

४. वैदेशिक रोजगारीमा जानु अघि तपाईको पारिवारीक, आर्थिक र शैक्षिक पृष्ठभूमी कस्तो थियो ?

क. राम्रो ख. ठिकठिकै

५. वैदेशिक रोजगारीमा जानु पुर्व तपाईको छोराछोरी कुन विद्यालयमा पढ्दथ्यो ?

क. सरकारी ख. निजी

६. वैदेशिक रोजगारीमा किन जानुभउको थियो ?

क. स्वदेशमा रोजगारी नपाएर

ख. सुचना तथा संचारको प्रभाव/न्युन तलब

ग. गुणस्तरयि शिक्षाको अभाव

घ. परम्परागत कृषि प्रणाली

७. तपाईलाई विदेश जान कस्ले प्रेरित गऱ्यो ?

क. बाबु आमा ख. साथि भाई

ग. आफन्त घ. आफ्नै निर्णय

घ. वैदेशिक रोजगारीको समस्या

क. वैदेशिक रोजगारीमा जानु पुर्वको समस्या

१. तपाईलाई वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानु पूर्व कुनै समस्या आयो कि अएन ?

क. पऱ्यो ख. परेन

२. तपाईले कस्तो प्रकारको समस्या व्यहोर्नु भयो ?

..................................................................

३. विदेश कुन माध्यम बाट जानु भएको हो ?

क. इजाजत प्राप्त संस्था ख. दलाल

ग. व्यक्तिगत प्रयास घ. अन्य

४. तपाईसगं त्यसरी वढि रकम लिँदा लिदै पनि तपाईले सम्बन्धित निकायमा तपाईले तिरेको भन्दा बढि रकम फिर्ता पाउनु भयो ?

क. पाँए ख. पाइन

५. तपाईले बढि रकम तिरेको थाहा हुदा हुदै पनि किन सम्बन्धित निकायमा जानकारी दिनुभएन ?

क. विदेश जान पाइदैन भनेर ख. भने बमोजिम काम पाईदैन भनेर

ग. विदेशमा दुःख हुन्छ भनर घ. अन्य भए.................................

६. तपाईलाई सम्बन्धित मेनपावरले भनेको समयमा पठायो ?

क. पठायो ख. पठाएन

७. तपाई रोजगारी एजेन्सीलाई कत्तिको विश्वास गर्नु हुन्छ ?

क. गर्छु ख. गर्दिन

८. वैदेशिक रोजगारीमा गए पछि तपाईको आम्दानी कति भयो ,

क. मासिक २०-३० हजार ख. मासिक ३०-४० हजार

ग. मासिक ४०-५० हजार घ. मासिक ५० हजार देखि माथि

९. तपाई वैदेशिक रोजगारीमा गएपछि कस्तो अनुभव गर्नु भयो ?

क. राम्रो ख. नराम्रो

१०. वैदेशिक रोजगारीबाट तपाईलाई के फाइदा भयो ?

.........................................................................

११. वैदेशिक रोजगारीबाट के बेफाइदा भयो ?

.........................................................................

१२. तपाई वैदेशिक रोजगारीमा गएपछि तपाईको पारिवारीक आर्थिक अवस्था कस्तो परिवर्तन आयो ?

क. राम्रो ख. नराम्रो

१३. वैदेशिक रोजगारीबाट तपाई तथा तपाईको परिवारमा कस्तो परिवर्तन भयो ?

............................................................................................

१४. तपाई वैदेशिक रोजगारीमा गएपनि परिवारमा केही नराम्रो भयो ?

...............................................................................

१५. तपाईले वैदेशिक रोजगारी गएपछि सोचको कुरा कति पुरा भयो ?

...................................................................................

१६. कति पुरा भएन ?

..................................................................................

१७. वैदेशिक रोजगारीमा गए पछि बचत गर्नु भएको छ ?

क. छ ख. छैन

१८. वचत भए के गर्नु भएको छ ?

क. बैंकमा राखेको छु ख. ब्यवसायमा लगानी गरेको छु

ग. व्यक्तिलाई ऋण दिएको छु घ. अन्य

१९. तपाई रोजगार एजेन्सीबाट दुःख पाउनुभयो कि भएन ?

........................................................................

**(ख) वैदेशिक रोजगारमा गएपछिको समस्याः**

१. तपाई नेपालबाट विदेश पुगेपछि तपाईलाई सम्बन्धित कम्पनिबाट समयमै लिन आएकी आएन ?

क. आए ख. आएन

२. समयमा नै आइपुग्दा तपाईले कस्तो अनुभव गर्नु भयो ?

............................................................................

३. तपाईले कस्तो प्रकृतिको काम गर्नुभयो ?

.............................................................................

४. वैदेशिक रोजगारीमा जानु पुर्व सम्बन्धित व्यक्ति वा निकायले भने अनुसारको काम पाउनु भयो ?

क. पाउ ख. पाएन

५. वैदेशिक रोजगारमा जानु भन्दा पहिला कुनै सपि सिक्नुभउको थियो ?

क. थिए ख. थिएन

६. यदि सिक्नुभएको थियो भने कस्तो सपि सिक्नुभएको थियो ?

...........................................................................................

७. तपाईले सिकेको सपि अनुरुप काम गर्न कत्तिको सहज भयो ?

..........................................................................................

८. तपाई काम नसिकी जाँदा कस्ता कठिनमई परे ?

..................................................................................................

९. विदेशमा रहँदा ओभर टाइम काम गर्नुभयो ?

क. गरे ख. गरिन

१०. यदि ओभरटाइम गर्नु भयो भने त्यस बापत कस्तो सुबिधा प्राप्त भयो ?

क. तलब भन्दा कम ख. तलब बराबर

ग. तलब भन्दा बढी

११. तपाईले काम गर्ने कम्पनीमा मालिक र कामदारको सम्बन्ध कस्तो पाउनु भयो ?

क. राम्रो ख. नराम्रो

१२. तपाईले राम्रो सम्बन्ध के पाउनु भयो ?

.....................................................................................

१३. तपाईले नराम्रो सम्बन्ध के पाउनु भयो ?

...........................................................................................

१४.	तपाईले बिदेशमा खान बस्न र सुरक्षाको स्थिती कस्तो पाउनु भयो ?

क.राम्रो		ख. ठिकै		ग. निम्न स्तर

घ. अन्य भए.....................

१५.	तलब नियमित रुपमा पाउनु भयो ?

क. पाँए		ख. पाएन

१६.	तपाईलाई राम्रो भाषा संस्कृति र धर्म कस्तो अप्ठ्यारो बनायो ?

...........................................................................................

१७	नेपाली र अरु विदेशी सँग सँगै काम गर्दा भोगेको दुःखको बारेमा अनुभव कस्तो रह्यो ?

................................................................................................................

१८.	तपाईको देशको र तपाई काम गर्न गएको देशको सरकारले कामदारको हकहितको लागी गरेका कही कुरा बताई दिन सक्नु हुन्छ ?

................................................................................................................

१९.	तपाई गएको देशमा नेपाली कामदारको समग्र अवस्था कस्तो पाउनुभयो ?

................................................................................................................

२०.	खाडी राष्ट्रमा नेपाली कामदारको समग्र अवस्था कस्तो पाउनुभयो ?

................................................................................................................

२१.	खाडी राष्ट्रमा नेपाली महिलाले गर्ने काम कुन क्षेत्रमा सिमित छ ?

क. घरेलु क्षेत्रमा		ख. होटलमा		ग. कलकारखानामा

घ. अन्य भए.......

**ग.	वैदेशिक रोजगारीबाट फर्किएपछिको समस्याः**

१.	तपाई वैदेशिक रोजगारीबाट फर्किएपछि कुनै समस्या आइपर्‍यो कि परेन ?

क. पर्‍यो　　　　　　　　　　ख. परेन

२. तपाईलाई कस्तो प्रकारको समस्या आइपर्‍यो ?

.......................................................................

३. तपाईले वैदेशिक रोजगारीमा केही सिप सिकेर आउनु भयो ?

क. सिके　　　　　　　ख. सिकिन

४. यदि सिक्नु भएको छ भने कस्तो सिप सिक्नु भयो ?

....................................................................

५. तपाईले विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्नु भएको छ ?

क. छ　　　　　　　　　　ख. छैन

६. यदि उपयोग गर्नु भएको छ भने कस्तो क्षेत्रमा प्रयोग गर्दै हुनुहुन्छ ?

क. कृषि　　　ख. व्यापार　　　　ग. उद्योगधन्दा

घ. अन्य भए...........

७. छैन भने किन गर्न सक्नुभएन ?

.................................................................................

८. तपाई वैदेशिक रोजगार प्रति सन्तुष्ट हुनुहुन्छ ?

क. सन्तुष्ट छु　　　　　ख. सन्तुष्ट छैन

९. यदि सन्तुष्ट हुनुहुन्छ भने किन ?

..................................................................................

१०.  यदि सन्तुष्ट हुनुहुन्न भने किन ?

.................................................................................................

## अनुसुची ३

## छलफल निर्देशिकाको खाका

१. वैदेशिक रोजगारीमा जानु अघिको पारिवारीक आर्थिक स्थिति कस्तो थियो ?

२. के आफ्नो परिवारलाई रेमिट्यान्स पठाउन थालेपछि परिवारको आर्थिक स्थितीमा फरक आएको छ ?

३. के रेमिट्यान्सवाट उत्पादन मुलक क्षेत्रमा लगानी भएको छ ?

४. के उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीवाट प्रतिफल प्राप्त भएको छ ?

५. उत्पादनमुलक क्षेत्रमा गरिएको लगानीबाट कति प्रतिफल प्राप्त भएको छ ?

६. रेमिटयान्सले बालबालिकाको पढाइमा सकारात्मक प्रभाव पारेको छ ?

७. सबैभन्दा बढी कुन शैक्षिक अवस्था भएका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ?